# शाह राजाहरूको छत्रछायामा नेपाली साहित्यको विकास

–प्रा. शिवगोपाल रिसाल

## वाङमयः एक अवलोकन

मानव सृष्टि, आर्ष दृष्टि र ईश्वरीय वृष्टि सबैनै प्रकारान्तरले अन्तरनिहित शक्तिका विविध रूप हुन् । मानव, सृष्टिको सबभन्दा महान् उपलब्धि र ईश्वरीय वरदानको पराकाष्ठा भएकोले सृष्टिमा नै यसको सर्वोपरि भूमिका छ । यसको एकमात्र कारण हो– ऊसंग मस्तिष्क छ, चिन्तन धारा छ, विवेक, विचारले आफ्नो जीवनलाई सिंगारेको छ ।

मान्छे विचार गर्छ मात्रै होइन ऊ व्यक्त पनि गर्छ । उसले वरदानको वाणी पाएको छ– सबभन्दा विकसित स्पष्ट ध्वनि । बोल्ने जिब्रो छ, सुन्ने कान । उसको सर्वस्व मस्तिष्क, उसको ऐश्वर्य भाषा ।

वैखरीको रूपमा बाहिर प्रकट हुनुभन्दा अगाडि परा, पश्यन्ति र मध्यमाको रूपमा भाषाको किंवा वाणीको सृष्टि भइसक्ने हुनाले भाषाको सिर्जना मानवीय चेतनासंगै गाँसिएको छ । मानव जगत्मा मात्रै होइन सम्पूर्ण चेतन साम्राज्यमा नै भाषाको आरम्भ हुन्छ चेतनाको साथसाथै । पशुपक्षीको मात्रै त के कुरा लता वृक्षादिको भाषा हुन्छ रे भने मानवको भाषाको विकसिततामा विकल्पनै छैन । त्यसैले जहाँ चेतन त्यहीं भाषा । जडदेखि भिन्न सम्पूर्ण चेतन वस्तुको व्यक्त वा अव्यक्त, वैखरीरूपमा वा पूर्वरूपहरूमा भाषात्मक स्वरूप खडा भइसकेको हुन्छ ।

जानेको कुरो भन्न (बोल्न) पाउँदा मान्छे रमाउँछ, नजानेको कुरा भाषाकै माध्यमबाट जान्न, सिक्न खोज्छ । सिक्नुमा पनि ऊ आनन्द मान्छ । वाणीको उच्चारण वा भावाभिव्यक्ति पनि आनन्दकै प्रतीक भएकोले मूकतालाई पन्छाएर मानसिक भावनाको प्रकटमा मानिस कहिले अद्वितीय आनन्दकै अनुभव गर्छ (१) भने कहिले सम्पूर्ण प्रकारका वाणीहरूदेखि रहित भएर (२) आफ्नो वास्तव स्वरूपमा विराजमान भएर अखण्ड आनन्द स्वरूप भएर बस्छ । त्यसैले आनन्दमूर्ति वाणी नै ईश्वरीय वरदान भएकोले ईश्वरकै स्तुति र कीर्तनको रूपमा हाम्रा वाणीहरू स्वतः लालायित, हुन्छन्–

'स्तोत्राणि सर्वा गिरो' (३)

वृहदारण्यक उपनिषद्मा भनिएको छ–

'वाग्वै ब्रह्म, ब्रह्म यजुः, तच्च वाग्विशेष एव ।'

वास्तवमा आत्मा नै वाङमय हो ।
'वयमात्मा वाङमयो मनोमयः प्राणमयः' (४)
यो लोक नै वाङमय हो ।
'वागेवायं लोको' (५)

वाक्नै ऋग्वेद हो । वाक्नै देवता र माता हुनुहुन्छ ।

---

१. वदरीनाथ भट्टराई, (भूमिका). नेपाली शाकुन्तल महाकाव्य, लक्ष्मीप्रसाद देवकोटा, ने.भा.प्र.स. २००२

२. 'यतो वाचो निवर्तन्ते अप्राप्य मनसा सह ।'

३. आद्यजगद्गुरु शंकराचार्य, परापूजा, श्लो. १०, प्रकरण ग्रन्थ, ओरियन्टल बुक एजेन्सी, पूना, २००९, पृ. ३६४

४. वृहदारण्यक उपनिषद् अ. १, ब्राह्मण ५, श्लोक ३

५. ऐ. ऐ. ऐ. श्लोक. ४

वैखरीभन्दा अगाडिको स्वरूप पनि अप्रकटिभूत वाक्नै हो । हामी सबभन्दा पहिले भित्र मनमा केही कुरा चिताउँछौं, विचार गर्दछौं अनिमात्र शब्दमा, वाणीमा वाक्रूपले जिब्रो आदि अवयवद्वारा बाहिर ध्वन्यात्मक, वर्णात्मक रूपमा शब्दहरू उच्चारण गर्दछौं । यसबाट के सिद्ध गर्न खोजिएको हो भने वाक् दुइ प्रकारका छन्–

(क) उच्चारित–स्पष्ट ध्वनि ।
(ख) अनुच्चारित–अस्पष्ट नाद ।

यही कुराको पुष्टि मिल्दछ उपनिषद् आदिबाट पनि–

'प्रजापतेर्वाक्– कार्यमाधारोऽप्रकाश: करणं चाद्येदं प्रकाश:' छ,

प्रजापतिको वाक् दुइ प्रकारको छ–

१. कार्य अर्थात् आधार र अप्रकाशरूप ।
२. करण अर्थात् आद्येय र प्रकाशरूप ।

आत्मा हुनुहुन्छ वाणीरूप, देवता हुनुहुन्छ वाणीरूप अनि यो जगत् सारा हो केवल वाणी अर्थात् वाङमयरूप नै ।

वाणी नै आत्मा हो अनि जीवन र जगत् पनि । त्यही वाणीको ब्यक्तिकरण नै वाङमय भएकोले वाङमयको विकास वाणीको विकास हो । वाणी बुद्धिको, ज्ञानको, अनुभवको प्रतीक भएकोले जति वाङमय विस्तृत र व्यापक बन्दै जान्छ उति बौद्धिक किंवा आध्यात्मिक ज्ञानको द्योतन गर्दछ । जुन राष्ट्र, जाति, वर्ग, संप्रदायमा बौद्धिक क्षमता, मानसिक वृद्धि, आध्यात्मिक समुन्नति हुन्छ; चिन्तन धाराप्रवाह चल्छ त्यसको वाङमयमा अवश्य पनि विकास देखिन्छ ।

यहीनै परिप्रेक्ष्यमा अवलोकन गर्दा वैदिक आर्यहरूले आफ्नो बौद्धिक क्षमता, मानसिक प्रौढता, दार्शनिक उत्कर्षता, चारित्रिक विशेषता र ज्ञानात्मक तीक्ष्णताको ज्वलन्त दृष्टान्त आफ्नो वाङमयको असाधारण प्रगतिबाट प्रस्तुत गरे ।

वाङमयको विकासलाई अभिव्यक्त गर्नको लागि चाहिने प्रमुख साधनहरू मध्ये पहिलो स्थान मुखको छ त्यसपछि कानको । यद्यपि स्पर्शेन्द्रियद्वारा पनि आज ज्ञानको संप्रसारण गर्न थालिसकिएको छ तापनि मुखले बोलेर र कानले सुनेर ठूलो काम गरेको छ । मुख-मुखै र कान-कानै गर्दा गर्दै धेरै पछि मात्र लिपिवद्ध गर्ने परम्परा बस्यो । त्यसैले वेदलाई श्रुति भनिन्छ । श्रुतिको रहस्य हो सुन्दासुन्दै, भन्दाभन्दै विकसित हुँदै आएको ज्ञानको, अनुभवको भण्डार । वाङमयको सर्वप्राचीन साथै सर्वोच्च अभिव्यक्ति नै वेद भएकोले वेदमा तात्कालीन निष्णात्, धुरन्धर विद्वान्, पंडित मनीषिहरूको, त्रिकालज्ञ ऋषिहरूको, मन्त्रद्रष्टाहरूको बौद्धिक, दार्शनिक, मानसिक, भावात्मक अभिव्यक्तिको सर्वोत्कृष्ट नमूना पाइन्छ । किनभने वेद अपौरुषेय हो, ईश्वरको वाणी हो ।

यसरी मान्छेका मुटु र मस्तिष्कहरू वाङमयको रूपमा एकातिर अभिव्यक्त हुन थाले भने अर्कातिर काठका फल्याकमा, पहराका ढुंगामा, धातुका पातामा, गुफाका भित्तामा आफ्नै शैली र सीपमा, आफ्नै कला र कल्पनामा प्रकट हुनथाले ।

माथि भनियो मान्छे ब्रह्माजीको सबभन्दा उत्कृष्ट, परिपक्व र बौद्धिक सिर्जना-सृष्टिकै सौन्दर्य र शिरोमणि हो । यसको क्षमता असीमित छ; एकबाट अनन्त हुन चाहने, सिकिरहन रहर गर्ने, सिकाउन सधैं उत्सुक–मान्छे दुर्लभ जनावर ! आफूले जानेको, सिकेको अभिव्यक्त गर्न खोज्छ– बोलेर, गाएर, लेखेर, कपेर, कोरेर, बजाएर, बुनेर वा अन्य कुनै प्रकारले पनि । ऊ बोल्छ, सुन्छ, लेख्छ, पढ्छ । हुँदाहुँदा मान्छे नै हो–भोलि दार्शनिक बन्छ, जगत् त कल्पना भन्छ,◆ भगवानको भक्ति गर्छ– भक्त वा उपासक हुन्छ, शिल्पकार वा गायक, नाटककार वा नायक अनि जे पनि, अनि सबैथोक ।

पूर्वीय वाङमयहरूले वेदलाई नै आफ्नो ज्ञानको, विज्ञानको–कला र संगीतको, साहित्य र दर्शनको, सबैथोकको इतिहासको सिरानी मानेका छन् । हाम्रा सबै प्रकारका साहित्यिक विधा र काव्यात्मक प्रेरणाको आदिम श्रोत पनि वेद नै हो । यमराज र नचिकेता, पुरुरवा र उर्वशी, अगस्त्य र लोपामुद्रा, इन्द्र र अदिति, सरमा र पणीश, इन्द्र

६. बृहदारण्यक उपनिषद्–शांकरभाष्य, गीताप्रेस, गोरखपुर, अ. १, ब्रा. ५, श्लो. ११, सं. २०२५, पृ. ३५२

◆ 'ब्रम्ह सत्य जगन्मिथ्या जीवो ब्रम्हैव नापर'– आद्य-जगद्गुरु शंकराचार्य

र मरुत् आदि आदिको संवाद–नाटक, कथा, काव्य आदि गद्य र पद्य सबैको आरम्भिक भण्डार हुन् । श्री मद्भागवत, रामायण, महाभारत र पुराणहरूबाट त सोझै साहित्यिक विधाहरूको प्रस्फुटन भएको छ ।

लेखन र अभिव्यक्ति परम्परामा प्रेरणा पनि यिनीहरूबाटै भएको हुनुपर्ने कुरामा त्यति शंका नगरे हुन्छ ।

हिन्दुहरू दर्शन, धर्म, ज्ञान-विज्ञान सबैको लागि प्रमाण नै वेद (शास्त्र) लाई मान्दछन्(७) भने बौद्धहरू त्रिपिटक आदि बौद्धग्रन्थलाई त ईस्लामहरू कुरानलाई र क्रिस्तानहरू बाइबललाई ।

भाषा र बोली–

दुवै नै वाणीका द्योतक हुन् । आपेक्षिक दृष्टिकोणले अवलोकन गर्दा भाषाको क्षेत्र विस्तृत र विशाल छ भने बोली सीमित छ । बोली भाषाकै पेटभित्र पर्दछ भने भाषा बोलीहरूकै एक सामूहिक एवं सुसंगठित रूप हो । जसरी विभिन्न भौगोलिक क्षेत्रमा बस्ने एकै भाषाभाषीहरू आफ्नो जिब्रो अनुसारका वा आफ्नो हावापानी र माटो अनुरूप बोलीहरू बोल्दछन्, आफ्ना व्यावहारिक समस्याहरू, सुविधाहरू र साधनहरूलाई स्वीकार्न खोज्दा एकै भाषाका विभिन्न बोलीहरू बन्छन् त्यसैगरी भिन्न बोलीका वक्ताहरूको भौगोलिक, सामाजिक, राजनैतिक र धार्मिक समस्याहरू सुल्झिन्छन्, गाँठाहरू फुक्दछन्, भावनाहरू व्यक्तिन्छन् एकै थलोमा पुगेर, एकै भाषामा पुगेर, एकै धरातलमा उभिएर । त्यसैले गर्दा भाषाको संगठित एक बलियो स्वरूप खडा हुन्छ । अनि सम्पूर्ण नदीहरू सागरमा पुगी मिले झैं बोलीहरू मिलेर भाषामा भिज्छन्, डुब्छन्–एक बन्दछन् ।

एक स्तरीय साहित्यिक भाषा वा राष्ट्रभाषाले आफ्नो भाषा अन्तरगतका विविध बोलीहरूलाई अथवा आफ्नो राष्ट्रका विभिन्न भाषाहरूलाई आत्मसात् गरिदिन्छ र अन्य बोली वा भाषाहरू एउटा बलियो हाँगो पाएर त्यसैमा आश्रित हुन्छन् ।

बोलचालको भाषा एउटा हिमनदी जस्तो निरन्तर गतिशील बनिरहेको हुन्छ भने साहित्यिक भाषाले आफ्नो स्वरूप निर्धारण गरेर जमिसकेको हुन्छ । तर यो पनि कालान्तर वा देशान्तरमा बदलिरहन्छ नै ।

## नेपालीः सरसरती हेर्दा

–भाषा

भाषा वाणी हो । अभिव्यक्तिको सरल र लोकप्रिय साधन । व्यवहार पनि भाषा हो । (८)

भाषानै राष्ट्रको, जन जीवनको अक्षय ऐश्वर्य हो, अविनाशी संस्कृति हो, व्यापक भावनाको प्रतिबिम्ब हो । यसैभित्र राष्ट्रिय शक्ति र बौद्धिक वैभव घुसेको हुन्छ । अतः भाषालाई भावनाको मात्र हैन, शक्तिकै भण्डार भन्नु नै उपयुक्त हुन्छ । त्यति मात्र हैन भाषा नै जातिको र राष्ट्रकै संस्कृति र जीवनको सजीव इतिहास हो । जाति, समाज र राष्ट्रले नै युगौंसम्म संघर्ष गरी आर्जन गरेका पुरुषार्थहरू मध्ये भाषा नै प्रमुख हो । भाषा भित्र त्यस जाति, समाज र राष्ट्रको अनुहार, व्यवहार र विचार अंकित भएको हुन्छ ।(९) त्यही अनुरूप शब्द भण्डार, उखान, टुक्का आदिले भाषाको मर्यादा मात्र राखेका हुँदैनन् राष्ट्र र जातिकै गौरव बोकेका हुन्छन् । सिंगै मान्छे भाषाभित्र अटाएको छ । भाषाले मान्छे र मान्छेका सम्पूर्ण सिर्जना सँगेटेको छ, इतिहास बोकेको छ । यस्तो महान् शक्तिशाली भाषाको उपाधिले सिंगार्न आज हामीले हाम्रो नेपालीलाई पाएर गौरवान्वित छौं ।

## नेपालीः विभिन्न नाम

नेपाली नेपालको सम्बिधानद्वारा सम्मानित राष्ट्रभाषा (१०) सम्पूर्ण जनताहरूको जनभाषा, राजाको पैतृक

७. भगवान् श्रीकृष्ण, श्री मद्भगवद्गीता अ. १६, श्लोक २४. 'तस्माच्छास्त्रं प्रमाणं ते कार्याकार्यव्यवस्थितौ ।'

८. श्री अर्जुन, श्री मद्भगवद्गीता, अ० २, श्लो० ५४ 'स्थितप्रज्ञस्य का भाषा समाधिस्थस्य केशव । स्थितधीःकिं प्रभाषेत किमासीत व्रजेत किम् ।।'

९. रत्नध्वज जोशी, 'कवि शिरोमणि लेखनाथः भाषाशैली' साझा समालोचना, साझा प्रकाशन, २०२५, पृ, २९–३०

१०. नेपाल अधिराज्यको संविधान, श्री ५ को सरकार कानून तथा संसदीय प्रबन्ध मन्त्रालयद्वारा प्रकाशित –२०१५, पृ. ४७

७०. देवनागरी लिपिमा नेपाली भाषा नेपालको 'राष्ट्रभाषा' हुनेछ ।

सम्पत्तिको रूपमा प्राप्त राजभाषा, राज्यका सबैन जनताहरूले बोल्ने र बुझ्ने राज्यभाषा, अधिराज्यका साठी प्रतिशतभन्दा बढी जनताहरूको मातृभाषा(११), नेपालका र प्रवासका समेत सम्पूर्ण नेपालीहरूको विचार र व्यवहारको आदान-प्रदानको अत्यन्त सुगम, सहज र सरल माध्यम साझा भाषा हो । नेपाली नेपालीमात्रको आफ्नै भाषा हो– चाहे ती नेपालको भूभागमा बसून् चाहे प्रवासमा । यो नेपालको सर्वप्रिय, सर्वसुलभ, लोकप्रिय, सबैको जिब्रो (*Lingua Franca*)हो । झन्डै पचहत्तर प्रतिशत नेपालीहरूको मातृभाषा नै नेपाली छ र बाँकी पच्चीस प्रतिशत पनि दोस्रो भाषाको रूपमा वा राष्ट्रभाषाको रूपमा नेपाली बोल्दछन् वा बुझ्दछन् ।

## नेपाली : यसको व्यापकता

नेपाली शिक्षा–परीक्षा, विद्यालय–विश्वविद्यालय घर-काज–राजकाज, सचिवालय–अदालत सबैतिरको सबैसंगको लेखापढीको माध्यम भाषा भएकोले नेपालका अन्य भाषा वा बोलीहरूप्रति यसको नजीकैको आत्मीय सम्बन्ध छ, प्रेम छ र सबैप्रति कृतज्ञ पनि । किनभने यसले आफ्ना बहिनी भाषाहरू सबैलाई पचाएको छ, रिझाएको छ ।

राष्ट्रिय जनगणना, २०२८ अनुसार नेपालीले क्रमशः मैथिली, भोजपुरी, तामाङ, थारू, नेवारी, अवधी, मगर आदि भाषा वा बोलीहरूलाई आफ्ना सहयोगी पाएको छ । तत् तत् भाषाका शब्दभण्डारलाई आफूभित्र पचाएको छ । यो गुन नेपाली कहिल्यै बिर्संदैन । त्यस्तै नेपालीका शब्दहरू, शैलीहरू लिएर नेपालका अन्य भाषाहरूले पनि नेपालप्रति हार्दिक कृतज्ञता ज्ञापन गरेकै छन् । नेपालीले आफ्नो उदारतालाई फैलाएर हिन्दी, फारसी, अरबी, उर्दू, बंगाली, गुजराती, राजस्थानी, पंजाबी, आसामी, अंग्रेजी, पोर्तुगाली आदि भाषासंग पनि केही न केही शब्द लिएर आफ्नो शब्द भण्डार बढाएको छ । अर्काको कदर गर्न सक्ने खूबी नेपालीको जन्मजात विशेषता हो । यही गुणको परिणाम हुन सक्छ आज नेपाली दार्जलिङ्ग, आसाम, बर्मा, देहरादून, कालिङपोङ, भाक्सू, भुटान, सिक्किम, तिब्बत, हङकङ्ग, सिंगापुरसम्म मात्रै फैलिएर नपुगी फिजी द्वीपसम्म पुगेको छ । त्यतिमात्र होइन जहाँ जहाँ नेपाली पुगेका छन् त्यहाँ त्यहाँ नेपाली पुगेको छ । नेपालीलाई नेपालीले कदापि बिर्सेका छैनन्, बिर्सने छैनन् पनि ।

नेपालीले विभिन्न समयमा विभिन्न विद्वानहरूबाट नामकरण गरिने सौभाग्य पायो । खसेतर वा नेवारहरूले 'खस भाषा' भने भने तराइका वासिन्दाहरूले 'पहाडी भाषा' भने । ग्रियर्सनजस्ता भाषा वैज्ञानिकले 'पूर्वी पहाडी' को संज्ञा दिए त आफूलाई सहरिया वा पर्वतदेखि भिन्न मान्नेहरूले 'पर्वते' वा 'पर्वतिया' द्वारा सम्बोधन गरे । पर्वतराज हिमालयकी छोरी पार्वतीको माइतीघरको भाषा भएकोले होला सुन्दरानन्द बाँडाले यसलाई 'पार्वती भाषा' वा 'पर्वत्या भाषा' भनेर आफ्नै प्रकारले सम्मान गरे । नील कविले आफ्नो अमुद्रित रुद्राक्ष महात्म्यको अन्त्यमा 'गौरीय भाषा' भनेर आदर गरे । आफ्नो विचार अनुसार यसका भिन्नभिन्न नामको कल्पना गरे तापनि यसले आफ्नो स्वरूप र स्वभावलाई कहिल्यै गुमाएन– आफू भएर बाँचिरह्यो ।

राष्ट्रभाषाको सर्वोच्च आसनमा आसीन हुनुभन्दा अगाडि उन्नाइसौं शताब्दीको आरम्भमा कवि शक्तिबल्लभ अर्ज्याल यसलाई 'लोक भाषा' भन्दथे । सं० १८७८ तिर छापिएको बाइबलको नेपाली संस्करणमा नेपालीलाई 'नेपाल भाषा' भनिएको छ । सं० १८८८ मा कवि विद्यापतिले यसलाई 'राजभाषा' को संज्ञाद्वारा सिंगारेका छन् ।

बडामहाराज पृथ्वीनारायण शाहले नेपालको एकीकरण अभियानमा सफलता पाइसकेपछि उनी गोरखाबाट आएकाले उनको साथमा आएको भाषा ठानी अरूहरूले यसलाई 'गोर्खे', 'गोरखाली', 'गोर्खाली' भन्न सजिलो माने । यद्यपि यो गोरखाको मात्र भाषा नभएर सम्पूर्ण नेपालकै साझा भाषा हुने अभियानमा अगाडि बढिसकेको थियो । 'गोरखापत्र' ले आजसम्म यही तर्कको पुष्टि गरिरहेकै छ ।

**११. गोरखापत्र, २०३० श्रावण १० गते बुधबार (२०२८ मा लिइएको जनगणनाको परिणाम) नेपाली मातृभाषा हुनेहरू– ६०, ६०, ७५८ १, १५, ५५.१८३ मा बाँकी सबै नै दोस्रो-भाषाको रूपमा नेपाली बोल्छन्, बुझ्छन् ।**

गोरखनाथको देशको भाषा भएकोले 'गोरक्ष भाषा' भनिएकोमा पनि गुनासो गर्नु छैन। संस्कृतका पण्डितहरू संस्कृतलाई देववाणी भन्दथे भने नेपालीलाई चाहिं केवल 'भाषा'। फारसी, अंग्रेजी आदि विदेशी भाषाको अपेक्षाले नेपाललाई 'देश भाषा' भन्नु पनि अयुक्तिसंगत होइन। कवि पण्डितले त सं० १९०१ मा यसलाई 'गोर्खाली' भनेर सम्मान गरे।

सं० १९९१ मा प्रकाशित शारदा (मासिक पत्रिका) ले 'नेपाल भाषा' भन्यो। जयपृथ्वीबहादुर सिंहले यसको स्वभावलाई राम्ररी चिनेरै होला 'प्राकृत भाषा' भनेर यसको सरलताको द्योतन गरे (१२) 'नेपाली भाषा' सर्वप्रथम जे. ए. एटनले सं. १८७७ मा आफ्नो 'नेपाली भाषाको व्याकरण' मा प्रयोग गरेको पाइन्छ। यस अघि कर्क प्याट्रिकले 'पर्वते भाषा' भनेर प्रयोग गरेका थिए।

उहिले जसजसले जुन जुन बेलामा जे जे भनेको भए तापनि आजसम्म यसले गरेको अद्वितीय सेवाको कदर गर्दै सम्पूर्ण नेपालीको मुटुले आज यसलाई 'राष्ट्र भाषा' मानेर सर्वोच्च सम्मान प्रदान गरेको छ। यसले आफ्नो जन्मकालदेखि गर्दै आएको दीर्घ, अनवच्छिन्न, निःस्वार्थ सेवा पदक हो 'राष्ट्रभाषा'। (१३)

त्यसैले होला यो सम्पूर्ण नेपालीको आँखाको नानीमा र मुटुको माझमा नबिझने गरी पसेको र नदुख्ने गरी घुसेको छ। अझ स्पष्ट शब्दमा भन्ने हो भने यो अधिराज्य भरका मात्र होइन प्रवासका समेत सम्पूर्ण नेपालीहरूको मुटुमा रगत भएर संचारित भएको छ, नसा-नसामा रक्त प्रवाह बोकेर बगेको छ, फोक्सोको प्रत्येक धडकनमा स्वास प्रस्वास भएर बाँचिरहेको छ, हाड भएर जमेको, मासु भएर खाँदिएको र मस्तिष्क भएर बौद्धिक उत्कर्षणतामा पुगेको छ। त्यसैले यो आत्मा भएर सबैको स्वीकृतिभित्र अमर बनेको छ।

नेपाली के नेवार, के मगर, के गुरुङ, के राइ, के थारु सबै सबैको जिब्रोमा अटायो, सबैको मनमा मिल्यो, सबैको नानीमा अल्झियो, सबैको आत्मामा डुब्यो। (१४) अझ नेपाली भाषाको महत्ता र महिमालाई लिएर निर्धक्क भएर भन्ने हो भन्ने नेपाली भाषा विना वर्तमान महान् नेपालको जन्म नै संभव थिएन भन्नु पनि समीचीन नै ठहर्छ। किनभने नेपाली नव नेपालको एकीकरण एवं नव निर्माणकभन्दा शताब्दीयौं अगाडिको भाषा हो। (१५)

## नेपाली : उत्पत्ति र विकास

नेपाली भाषाभाषी र नेपाली भाषाको उल्लेखनीय सम्मान प्राचीन कालदेखिनै हिमाली प्रदेशमा थियो। भाषाको सरलता र भाषीको सभ्यता एवं शिष्टता अनि शौर्य र पराक्रमले यो सम्मान प्राप्त गरेको हुनुपर्छ भन्न नसकिने होइन।

नेपाली प्राचीन युगको मध्यदेशीय संस्कृतबाट विकसित हुँदै आएको हो। शौरसेनी प्राकृत यसको आमा हो। (१६) अनि संस्कृतलाई बज्यै भाषा मान्नु पर्छ नेपालीले। नेपाली भाषाको पैशाची र शौरसेनी अपभ्रंशसंग पनि ज्यादा सम्बन्ध नहुनु पनि अस्वाभाविक होइन। कुनै बेला अपभ्रंश पनि धर्मको, ग्रन्थको जनताको र साहित्यको भाषा थियो। वास्तवमा नेपाली संस्कृतमूलक, वैदिककाल नै आदिम श्रोत भएको भाषा हो। (१७)

आधुनिक भारतीय कतिपय भाषाहरू र नेपाली भाषा समेत संस्कृतमूलक हुन् भन्ने कुरामा यस क्षेत्रका प्रायः सबै विद्वान्हरू एक मत छन्। (१८) नेपाली भाषामा प्रशस्त मात्रामा संस्कृतका शब्दहरू कति त सोझै र कति चाहिं

---

१२. चूडामणि उपाध्याय रेग्मी, नेपाली भाषाको उत्पत्ति, जगदम्बा प्रकाशन, २०२५ (प्रथम पटक) पृ. ४०
१३. बालकृष्ण पोखरेल, 'नेपाली भाषा र साहित्य', रत्न पुस्तक भण्डार, प्र.प्र. २०२१, काठमाडौं, पृ. १३-१५
१४. धर्मरत्न 'यमि' हाम्रो राष्ट्रियता, यमि प्रकाशन, काठमाडौं २०१८ पृ. ३७
१५. ऐ. ऐ. पृ० १७
१६. वदरीनाथ भट्टराई, 'नेपालीकी आमा को ?' नेपाली भाषा, सं. महानन्द सापकोटा, प्र. रत्न पुस्तक भण्डार, दो. सं. २०२१. पृ. ४०
१७. (क) उत्तम कुँवर, स्रष्टा र साहित्य, रूपायन प्रकाशन, फसिकेव, २०२३ पृ. २०८-२०९
(ख) तारानाथ शर्मा, नेपाली साहित्यको ऐतिहासिक परिचय, सहयोगी प्रकाशन, काठमाडौं, प्र. सं. २०२९, पृ. ३-४
१८. सूर्य विक्रम ज्ञवाली, नैवेद्य, समालोचना, जन्मभूमि वर्ष १, अङ्क २-३ (आषाढ-श्रावण) सं. १९७९

प्राकृत भाषाको बाटो भएर आएका छन् । तीनै शब्दहरू कालक्रमले नेपालीमाटो र जलवायु अनुरूप नेपाली जिब्रोमा, नेपाली मुटुमा रंगिएर नेपाली बनेका छन् । (१९)

निष्कर्षमा पुगेर के भन्न सकिन्छ भने भारोपेली भाषा अन्तरगत पर्ने भारतीय आर्य भाषाको वर्गीकरण गर्दा हामी नेपाली भाषालाई भारोपेली भाषाको वंशज र भारतेली आर्यभाषाको नातिको रूपमा पाउछौं ।

नेपालका आदिनिवासी किरात थिए । ईशापूर्व द्वितीय सहस्राब्दीमा सारा हिमालय किरातभूमि थियो । किनभने चम्बालादेखि आसामसम्म हिमाली प्रदेशमा आजसम्म पनि किरात भाषा र बोलीहरूको अवशेष पाइन्छ । उत्तरवैदिक कालमा आएर आर्यहरू र किरातको सम्पर्क भयो । पछि किरातहरूलाई परास्त गरी वैदिक क्षत्रीयहरू राजा भए–नेपालको भूभागमा ।

कुनै बेला भारोपेली आर्यहरू ऋग्वेदीय आर्यका एकै जहान वा परिवारमा थिए । नेपालीहरू पनि ऋग्वेदीय आर्यकै सन्तान हुन् ।(२०) तर आजभोलिका नेपाली प्रायः सबै ब्राह्मणहरू शुक्ल यजुर्वेदी छन् ।

आर्य संस्कृतिको श्रोतमा, आर्य भाषाको मूलमा, आर्य विचार र परंपराको क्रममा वैदिक वाङमयलाई आधार मानेर संस्कृत–प्राकृत हुँदै नेपाली भाषा बन्यो । संस्कृत अड्यो; प्राकृत आफ्नो प्रकृत स्वभावलाई अंगालेर बह्यो, बग्यो– हिमाली झरना र हिमनदी झैं सरलता, सरसता र सुबोधतालाई बोकेर– अनि बग्दै र बहँदै जहाँ जहाँ पुग्यो त्यहींबाट नामकरण भयो–मगधमा 'मागधी', शूरसेनबाट 'शौरसेनी', महाराष्ट्रमा पुगेर 'महाराष्ट्री', त्यस्तै खशान प्रदेशमा पुगेपछि 'खश' अनि नेपालको सम्पूर्ण भू-भागको प्रतिनिधित्व गर्दै 'नेपाली' बन्यो ।(२१)

नेपाली भाषा नेपाल राष्ट्रको स्वतन्त्र सार्वभौम सत्ताको अक्षुण्यताको चिह्न हो, नेपाली जातिको अस्तित्वको परिचायक हो । त्यसैकारण यो हाम्रो आफ्नोपनको हुँकार हो, हाम्रो राष्ट्रिय जनजीवनको ओंकार हो, हामी झन्डै दुइ कोटि नेपालीको राष्ट्रियता र राष्ट्रिय एकताको आधार हो, हाम्रो देशको र जातिकै आफ्नै प्रकारको अलंकार हो । नेपाली भाषा नेपाली राष्ट्रिय बौद्धिक वैभवको प्रतिबिम्ब हो । मानव समाज र राष्ट्रिय जनजीवनलाई एकै सूत्रमा बाँध्ने मूल कारण वा साधनहरूमध्ये सर्वप्रथम धर्म हो भने त्यसको लगत्तै पछि भाषा हो । यो महान् कार्य सम्पादन नेपाली भाषाले गरिरहेको छ ।

नेपाली भाषाको आरम्भको अनुक्रममा अनुसन्धाताहरू एक मतमा पुगिसकेका त छैनन् तापनि नेपाली एक हजार वर्षभन्दा कान्छो नभएको किटेरै भन्न सकिन्छ । विक्रमको एक हजार सालतिर नेपाली भाषाको अनुहार देखापरिसकेकोले–कममा सय वर्ष अगाडि यसको जन्म भएको अनुमान गर्न सकिने भएकोले यो कममा पनि एघार सय वर्ष पुरानो हो । (२२)

बंगाली भाषाशास्त्री सुकुमार सेनले अपभ्रंशलाई ई० ३५० देखि ई० ६५० सम्मको समय दिएका छन् । साथै त्यसपछि देखा पर्ने अवहट्ठ (=अपभ्रष्ट = अपभ्रंश) भाषालाई ई० ६५० देखि ई० १००० सम्मको समय । त्यस्तै प्राकृत व्याकरणकार पुरुषोत्तम र हेमचन्द्रले अपभ्रंशका उपभाषाहरूको गन्ति गराएका छन् । धर्मदासले अपभ्रंश र प्राकृतदेखि छुट्टै पैशाचिक र लौकिक भाषाको पनि नाउँ लिएका छन् । पैशाचिकको सम्बन्ध अशोककालीन उत्तर-पश्चिममा भाषासंग निकै देखिन्छ । लौकिक चाहिं ई० ११०० तिरको अवहट्ठ मिश्रित नव्य भारतीय आर्य भाषाको साहित्यिक रूप हुनुपर्दछ । धर्मदासको समयभन्दा अगाडि नै अवहट्ठका अनेकौं उपभाषाहरूबाट आजका भाषाहरूको जन्म भइसकेको थियो, किनभने सिद्धान्ततः एघारौं शताब्दी हाम्रा अचेलका आर्यभाषाहरूको थालनी काल हो । नेपाली भाषाले पनि यस शताब्दी अगाडिनै आफ्नो स्वरूप खडा गरिसकेको हुनुपर्ने कुरामा विकल्प छैन ।

कर्णाली अंचलको सिंजा खोलाले बनाएको उपत्यका मल्ल राजाहरूको मूल केन्द्र मात्रै होइन नेपाली भाषाको आदिथलो समेत बन्यो ।

---

**१९. हर्षनाथ शर्मा भट्टराई, नेपाली भाषा र साहित्य, शर्मा प्रकाशन, काठमाडौं, २०२० पृ. २४**

**२०. यज्ञराज सत्याल, 'नेपाली साहित्यको भूमिका'–२०१७ पृ. २**

**२१. ऐ. ऐ. पृ. ४**

**२२. महानन्द सापकोटा, चानचुन, २०२२, पृ. ३**

नेपाली भाषाको अनुसन्धानको अनुक्रममा आज सं० १३७८ सम्म पुग्न सकिएको छ । यसको सर्वप्राचीन नमूना कर्णाली प्रदेश (जुम्ला) का खस राजा आदित्य मल्लले गोरखा जिल्लाको ताघवाई गुम्बाका बास्गावा लामालाई अधिकार दिएको ताम्रपत्रमा कपिएको भाषामा पाइन्छ । यसमा नेपाली, संस्कृत र तिब्बती भाषा प्रयोग भएका छन् । नेपाली अंश निम्न प्रकार छ–

"राइका भाष् पसाकि अक्रि । वास्गावा लामा सापरिवारि हाम्राइ छत्रु नास हो । हामि दान् पुनि हो । हाम्रा रख्या स्वस्ति पायिथान रक्षा वां छन् । कडक् आउदा जादा गुम्बा घच् नकिय । कोही जे घच् कर त सोन तोला १०० को थारो । तास् भलो नहुं । वराम चल्या भाष् पसा भइ ।"(२३)

सं० ११५७ तिर खसहरूको बागडोर पश्चिम जुम्ला आदि क्षेत्रमा बलियो भइसकेको अनुमान गर्न प्रमाणहरू प्राप्त छन् । यस कुराको राम्रो पुष्टिको लागि खस नरेश पृथ्वी मल्लको अभिलेखलाई अगाडि सार्न सकिन्छ । अर्कातिर सं० १२८० मा खस राजा क्राचल्लले कुमाऊँमा गरेको आक्रमण र क्राचल्लका छोरा अशोक चल्लले सं० १२८७ भन्दा पहिले नै गयामा राखेको एउटा ताम्रपत्रले यस धारणालाई बल दिन्छ ।(२४)

प्राचीन खस राजाहरूले आफ्नो राष्ट्रभाषाको, राजभाषाको रूपमा नेपालीलाई स्वीकारेका थिए भन्ने कुराको पुष्टि तिनले कपाएका [पुण्य मल्लले कपाएको दैलेखको ताम्रपत्र–सं० १३९४, पृथ्वीमल्लको जुम्लाको कनकपत्र–सं० १४१३] शिलापत्र, ताम्रपत्र, कनकपत्र, दानपत्र आदि अभिलेखको आधारमा निर्णय गर्न सकिन्छ । साथै यो जनताको साझा भाषा थियो भन्ने कुराको निश्चय पनि यिनै प्रमाणबाट गर्न सकिन्छ ।

सृष्टि र स्थिति विकास हो, प्रलय विनाश हो । सृष्टिको सृष्टि कुन् विकास हो भन्न किन अपठचारो मान्ने ? त्यसैले भन्न सकिन्छ निर्धक्कसंग– नेपाली भाषाको वर्तमान स्वरूप, वर्तमान मान्यता, वर्तमान आवश्यकता विकासकै परिणाम हो । अनादि सृष्टिको नेपाल पनि अनादि मान्नु अत्युक्तिसंगत नहोला नै ।

फेरि नेपाली जाति पनि त अनादि नै ठहर्छ । अनादि जातिको भाषा नेपाली पनि अनादि हुनुमा आपत्ति छँदैछैन । बिना जातिको भाषा हुँदैन भन्ने कुरामा मतभेद हुन सक्ला तर 'बिना भाषाको जाति हुँदैन' भन्ने स्थापनामा कोही पनि खिचोला गर्न सक्दैन । फलानो जातिको जन्म फलानो दिन भयो भन्न पटक्कै नसकिने हुनाले जातिको आरम्भ परोक्ष किंवा अपरोक्ष रूपमा अनादि कालदेखि नै भएको मान्यता संस्थापन गर्नुमा अवैज्ञानिकताको दोषारोपन आउने डर छैन । जाति त विकासको अभिष्ट एवं मान्तरियक (अवश्यम्भावी) परिणाम हो । विकासको आदि नहुने भएकोले विकाससंगै गासिएको जातिको र जातिकै अभिन्न अंग स्वरूप भाषाको पनि अनादित्व सिद्ध भयो । अनि त सजिलैसंग भन्न सकियो– नेपाली जाति र भाषाको आदि यही हो भन्न कदापि सकिंदैन । (२५)

अनादि नेपाली अनन्तमा अगाडि बढिरहेको छ–यसैमा हामी कोटियौं नेपाली बाँचिसक्यौं, बाँच्दैछौं र बाँचिरहने छौं । नेपाली भाषाकै माध्यमले, नेपाली जातित्वको गौरवले नेपाल अब विश्वको माझमा परिचित भइरहेछ, व्यापक बनिरहेछ ।

## खसको बारेमा : केही खसखस

धेरैले खसको बारेमा आफ्नो मन्तव्य पोखेतापनि आफ्नो खसखस नमेटिएकोले यसतिर केही प्रयास गरिएको हो । यही नै अन्तिम हो भनी दाबी गर्न चाहिं सकिंदैन ।

सबैले पूजिएका अथवा आफूले पूजनीय मानिएका आर्य, असम्मानित अनार्य । वेद मान्ने वैदिक नमान्ने अवैदिक अब आयो खस को हुन् ? खास-खास र खुसखुस गर्नुभन्दा हाक्काहाक्की भन्नुमा तथ्यको नजीक चाँडै पुग्न सकिन्छ । यी वैदिक हुन् तर अनार्य हुन सक्छन् । यी सभ्य थिएनन् होला

२३. **मोहन प्रसाद खनालद्वारा प्राप्त (प्रथम प्रकाशन– 'समीक्षा'–२०२९ साउन ९ गते)**

२४. **बालकृष्ण पोखरेल, नेपाली भाषा र साहित्य, रत्न-पुस्तक भडार, काठमाडौं, प्र. प्र. २०२१, पृ. ५०**

२५. **नेपाली भाषा पाठचक्रम उपसमिति, नेपाली भाषाको पाठचक्रम, २०२८, पृ. ४**

तर बलिया, शूरा, लडाका, सभ्यताका प्रसंशक र सभ्यता, संस्कृतिका श्रष्टा चाहिं पक्कै थिए।

बाहिरबाट आएका भाते चाहिं हुँदैहैनन्। भगुवा, भतुवा, भाते, गाँसे र शरणार्थी यो होइनन्।(२६) थरको आरम्भ थलोबाट भएकोले हामी स्थानीयै हौं भन्नु अयुक्तिसंगत होइन। अतः हाम्रो आदि थलो हिमाल हुनुमा र हामी नेपाली हिमाली हुनुमा के आपत ?

अब आउँछ कुरो को रैथाने ? को पाहुना ? कुनै बेला सबै पाहुना, आजभोलि सबै घरपट्टि, सबै रैथाने।

प्राचिन खस–

महाभारतमा चर्चित खसहरू युधिष्ठिरको राजसूय यज्ञको अनुक्रममा उपहार चढाउन आउनेहरू दरद, कुलिन्द, आदि मध्ये एक थिए। त्यस्तै श्री मद्भागवतमा पनि कृष्ण धर्म (भागवत धर्म) लिएर मुक्त हुने जातिहरूको सिलसिलामा खसको पनि उल्लेख छ। हरिवंश पुराणमा राजा सगरले जितेका जातिहरू मध्ये खस र तुखारको चर्चा छ। साथै कृष्ण मथुरामा भएको बेला यवन जातिले आक्रमण गर्दा फौजमा शक, तुखार, दरद, पारद, रङ्गन, खश, पाहलभर म्लेच्छहरू थिए। मार्कण्डेय पुराणमा खसहरूलाई पहाडी जाति भनिएको छ।

मनुस्मृति अनुसार क्षत्रीयबाट खसेका खस बने। आजभोलि पनि क्षत्रीयलाई नै खस भनिन्छ। तर काठमाडौं उपत्यकाका नेवारहरू क्षत्री, ब्राह्मण आदिलाई नै खस (खय्) भन्दछन्।

भरतले आफ्नो नाटचशास्त्रमा खसको चर्चा गरे। त्यस्तै बराहमीहिरले खसको थलोको क्रममा उत्तर, उत्तर-पूर्व मान्दै धेरै ठाउँमा फैलिएको बताए। कह्लणले (बाह्रौं शताब्दी) आफ्नो राजतरङ्गिणीमा त धेरै ठाउँमा खसको उल्लेख गरे।

कुनै बेला मध्य एशियामा खसहरूकै बोलबाला थियो। काश्मीर, कशगर, खाँसी, खशिया आदि स्थान र नामहरूको खस जातिसँग घनिष्ठ सम्बन्ध भएकै हुनुपर्छ। सधादलक्षीय खसहरूको व्यापकता नेपाल भित्रमात्रै होइन काश्मीर, कुमाउँ, आसाम आदि हिमाली प्रान्तमा प्रचुर मात्रामा फैलियो।

वि. सं. ८५० तिर खसहरू गढवाल, कुमाऊँ र पश्चिमी नेपालसम्म फैलिसकेको अनुमान छ। गढवाल र कुमाऊँमा आफ्नो प्रभाव कायम गर्न नसकेपछि यी खसहरू वर्तमान पश्चिमी नेपालको भूभागतिर सर्दै आए हुन्। सं० ११५० सम्ममा खसहरूको राइँ दाइँ यहा राम्रै सित हुन गयो।

खस जातिको मुख्य आवादी कर्णाली प्रदेश थियो। ती शौरसेनी प्राकृत भाषा बोल्ने गर्थे, तर त्यसमा पुराना भाषाको असर पनि छँदै थियो। यसरी उनीहरूका माफ खस अपभ्रंश भाषा बन्यो।(२७)

जुम्लाका राजा सुदर्शन शाहले ताम्रपत्रमा आफ्नो राज्यलाई खसान र जडानमा विभक्त गरेका छन्। नेपालको प्राचीनतम वंशावलीले खसिया राजा जितारिमल्ल, रिपु मल्ल र आदित्य मल्ल काठमाडौं आएको बताउँछ। यस तथ्यलाई योगी नरहरिनाथ र प्रो० टुचीले पुष्टि गरेका छन्। पृथ्वी मल्लको कोटि स्तम्भमा त खसिया राजाहरूको नामावली नै पाइन्छ।(२८)

योगी नरहरिनाथ र केशरबहादुर के. सी. शक∠कस∠खस भएको भनी शक नै आज खस बनेका हुन् भन्दछन्। चाहेजुनसुकै नामद्वारा खसको प्रसिद्धि समस्त हिमाली प्रदेशमा र हिमाली उपत्यकाहरूमा फैलिएको होस् यी विजेताको रूपमा, योद्धा र लडाकाको नातोले यस भूखण्डमा प्रवेश गरेका थिए तापनि यिनले स्थानीय परम्परा, रीति, संस्कृति माने; भाषाका केही शब्दहरू स्वीकारे; आफूलाई त्यही माटो अनुरूप भिजाए, रसाए अनि एकै बनेर आत्मीय भएर बसे। अन्ततोगत्वा आफ्नै प्रभावमा त्यहाँको स्थानीय

२६. योगी नरहरिनाथ, 'भूमिका', कर्णवीरको परिचय, पृ ३, कर्णवीर महामण्डल काठमाडौं, २०१४

२७. कृष्णप्रसाद पराजुली, राम्रो रचना मीठो नेपाली, प्र. सहयोगी प्रकाशन, काठमाडौं, प्र. सं. २०२३, पृ. ९७–९८

२८. चूडामणि उपाध्याय रेग्मी, नेपाली भाषाको उत्पत्ति, जगदम्बा प्रकाशन, २०२५ (प्र. पटक) पृ. २११

वातावरणलाई नै अनुकूल बनाए । अब ती आगान्तुक बने-नन् रैथाने बने । रैथानेको भन्दा दायित्व र कर्त्तव्यबोध तिनमा जाग्यो; राष्ट्रियता र राष्ट्रिय एकताको, राष्ट्रिय संस्कृति र परंपराको संरक्षण एवं सम्बर्द्धनको लागि यिनले असाधारण भूमिका खेले ।

पश्चिमी नेपालको ठूलो भूभाग, भारतको उत्तर-पश्चिमीखण्ड र तिब्बतको केही प्रान्त समेतमा खसहरूको विशाल साम्राज्य खडा भइसकेको थियो । यिनीहरूले आफ्नो बुद्धिबल र राजनैतिक चातुर्यले गर्दा तत् तत् स्थानमा राम्रो प्रभाव पारेका थिए । नेपालको कर्णाली नदीले सिंचित विशाल फाँट र हिमाली भेकमा यिनले आफ्नो राजनैतिक केन्द्र बनाए । कर्णाली सांस्कृतिक इतिहासका अनुसन्धाता सत्यमोहन जोशीज्यूको भनाइ अनुसार खसहरूले 'खसान' प्रदेश बनाए भने मानसरोवरका आसपासमा बस्ने जाड जाति (भोटे) ले 'जडान' । (२९)

हिमवत्खण्डमा किरात, मगरात, खशान र जडान आदि प्रदेशको चर्चा छ । मुख्य गरेर त्रिशूलीपूर्व किरात प्रदेश, त्रिशूलीदेखि कृष्णगण्डकीसम्म मगरात प्रदेश, कृष्णगण्डकीदेखि पश्चिम खशान प्रदेश तथा हिमालचूली उत्तर जडान प्रदेश मानिएका छन् ।(३०)

खसहरूलाई सामान्यतः दुइ भागमा विभाजन गरी पहिला प्रागैतिहासिक र दोस्रा ऐतिहासिक मानेको पनि पाइन्छ । पहिला अवैदिक थिए भने पछिल्ला चाहिं वैदिक आर्य, शिष्ट र सभ्य थिए ।(३१)

अब निष्कर्षमा पुगेर भन्न सकियो– खस खसेका, गिरेका हुँदै होइनन्; कुनै समय (झन्डै विक्रमाब्द दशौं शताब्दीतिर) यी हिमाली खण्डका प्रशिद्ध प्रशासक, सभ्य नागरिक, बलिया योद्धा, आर्य सनातन धर्मानुयायी थिए । आजसम्म पनि हामी यही खस भाषाको वर्तमान रूप नेपालीलाई मातृभाषाको रूपमा, राष्ट्रभाषाको रूपमा प्रेम र श्रद्धाले मान्दैछौं, मानिरहने छौं । इतिहासले खसलाई कहिल्यै खसालेको र बिटुल्याएको छैन । त्यसैले आफ्नो इतिहासमा हामीलाई गर्व छ– हामी कुनै बेला खस थियौं, हाम्रो भाषा खसबाटै आएको हो । अन्त्यमा प्रसिद्ध भाषाशास्त्री र (व्युत्पत्तिशास्त्री) महानन्दका वाणीहरूलाई उद्धरण गरी आफ्नो खसविषयक खसखस यहीं टुंग्याउछुँ–

"हामीले आफ्ना खशको चिनारी नखोजी संस्कृतले हियाएर लेखेका भरभा खशलाई पनि तुच्छ ठानिउँ, अथवा बाहुनबाट खसेको जात खश हो भनेर किम्वा अरवी खासको खश भएको ठहराएर आफ्ना इतिहासका रूरिला भागमा कालो पर्दा लाउनु नै विद्वत्ता र बुद्धिमत्ता ठहरायौं । आफ्ना पुर्खाको निन्दा गर्नेको उन्नति कसरी होला ? पुर्खाबाट प्रेरणा लिनु पर्नेमा पुर्खालाई पूर-पार पार्नु पो कर्त्तव्य ठानिएछ ।" (३२)

## नेपाली साहित्यको विकासको परिप्रेक्ष्यमा शाह राजाहरू

पूर्व पीठिका–

राष्ट्रको स्वरूप, जातित्वको विकास, व्यक्तिको प्रतिभा, धर्म, संस्कृति, दर्शन र परंपराको पूर्व पीठिका र वर्तमान रूप, राष्ट्रियता र राष्ट्रिय एकता अनि जनजीवनको वास्तविक अनुहार हेर्नेको लागि त्यस देशको, त्यस जातिको, त्यस भाषाको साहित्यको अध्ययन एवं अनुसन्धान नितान्त आवश्यक छ ।

राष्ट्रको इतिहास हुन्छ, त्यस्तै जातिको, भाषा र साहित्यको । वर्तमान जतिसुकै उज्ज्वल भएपनि यो एक्कासि यसैयसै भएको हैन–यसको लामो इतिहास छ । आज आजमा आइपुग्न धेरैधेरै हिजोका हिउँदका चिसाहरू र बर्खाका बेग र बाफिला दिनहरू कटाएको छ । त्यस्तै हाम्रो जनजीवनसंग भिजेको आफ्नै साहित्यको एउटा लामो इतिहास छ ।

मानव मात्रको भाव भण्डारको अभिव्यक्तिको एक

२९. बासु रिमाल 'यात्री', 'नेपाली साहित्य', विश्व साहित्यको रूपरेखा, ने. रा. प्र. प्र. २०३० पृ. ३५६

३०. योगी नरहरिनाथ, हिमवत्संस्कृति (त्रैमासिको पत्रिका) वर्ष १ अङ्क २, २०१६, काठमाडौं, पृ. ९

३१. बालकृष्ण पोखरेल, नेपाली भाषा र साहित्य, रत्न पुस्तक भंडार, दो. प. २०२५, पृ. ३१

३२. महानन्द, खश र खश भाषा, प्र. आफैं, बिराटनगर पैलो बाजी २०२०, पृ. २३

मात्र स्वाभाविक, व्यावहारिक, सफल एवं वैज्ञानिक माध्यम भाषा भएकोले भाषा एवं साहित्यको विकासनै जातिको र राष्ट्रकै विकास हो । वाणी मुखरित हुन नपाए व्यक्ति र समाजकै बौद्धिक जागरणमा खडेरी पर्छ । अतः बौद्धिक उत्कर्षताको मापदण्ड वाङमयको विकास र विस्तार हो ।

बाहिरी भू-भागको संरक्षण, सम्बद्धन र सुनियोजित व्यवस्थापनले जनताको बस्ने र बाँच्ने पद्धतिलाई सुरक्षा गर्दछ भने स्वस्थ चिन्तनधाराको नियमित प्रवाहले ओत-प्रोत मानसिक, बौद्धिक र दार्शनिक अभिव्यक्तिले आन्तर-भावनाको उत्कर्षताको प्रतिनिधित्व गर्दछ । त्यसैले सृष्टिको सर्वोच्च उपलब्धि मानव सर्वांशमा बुद्धिजीवी प्राणी भएकोले भौतिक दृष्टिले मात्र होइन आन्तरिक रूपबाट पनि सुखी हुन खोज्छ । स्वान्त सुखाय होस् वा कीर्तिको संस्थापन गरेर होस् अमर हुन खोज्ने मान्छे लेखेर आफ्नो उद्द्श्य साकार भएको देख्छ ।(३३) बोलेको त ब्रह्माण्डमा कहीं होला वा कसैले सुने होलान् तर लेखेर गएको त आज-सम्म छ, भोलिसम्म अनि सधैंसम्म रहिरहने छ ।

पूर्व अभिलेख काल–

वैदिक कालमा लेखन परम्परा थिएन । यसमा किन-को जवाफ सजिलैसँग दिन सकिन्छ–आवश्यकता नहुनु । त्यति बेला बोल्नु र सुन्नु नै मनग्गे थियो । लेख्नु र पढ्नु त पछि पलाएको मात्र हो । श्रवण, मनन, निदिध्यासनमा नै सारा टुंगिन्थ्यो । गुरुले भन्ने शिष्य सुन्ने, फेरि शिष्य प्रशिष्य हुँदै ज्ञानको संप्रसारण हुने भएकोले लेख्नु, लेखेको पढ्नुको दरकारै परेन । अनि त वेदलाई श्रुति भनियो ।

यद्यपि लेख्ने कलाको विकास धेरै पछि भएको हो तापनि आजभन्दा हजारौं वर्ष पहिलेदेखि मान्छेले लेख्न जानिसकेको छ, लेख्न थालिसकेको छ । वेदव्यासले भन्दै जाने गणेश लेख्दै जाने गरी सम्पूर्ण पुराण आदि लेखिएको पौराणिक कथा प्रसिद्ध छ । समय र कालक्रम अनुसार लिपि, लेखन पद्धति र लेखिने पात्र भिन्दाभिन्दै भए ।

अभिलेख काल–

शिलापत्र, भुर्जपत्र, ताडपत्र, चर्मपत्र, ताम्रपत्र, रजत-पत्र, कनकपत्र आदिमा लेखिसकेपछि मानिस सजिलाको लागि कागतमा लेख्न थाल्छ । फेरि कागतमा लेख्ने व्यापक प्रचार भइसकेपछि पनि सुरक्षा र चिरन्तनको लागि धातुमा र ढुंगामा लेखिदैछ ।

यसरी लेखन परम्पराको राम्रो विकास भइसकेपछि नेपालीको भू-भागमा, भावभूमिमा, जनमानसमा, राजकाज-मा, राजकीय अनुदानमा लेखन पद्धतिको विकास हुन्छ । बोलीको मूल्य घट्दै गएपछि लेख्नु आवश्यक हुन्छ कित, कित सम्झनाको लागि, सुरक्षाको लागि अथवा सजिलाको लागि लेखिन्छ । अर्को उल्लेख गर्ने लायक कुरो के पनि हो भने–

'बुढा मरे भाखा सरे' (३४)

भन्ने आहान सार्थक सिद्ध भएकोले संप्रसारणको, प्रकाशन-को लागि पनि लेख्नु आवश्यक बन्न भयो । कुनै बेला बोल्नु मात्र भाव प्रसारणको एक मात्र माध्यम थियो भने आज लेख्नु पनि त्यत्तिनै महत्त्वपूर्ण बनिसकेको छ । अझ कति कुरा त बोलेर पनि पुग्दैन, लेख्नै पर्छ; कति त लेखेर हुँदैन, बोल्नै पर्छ । फरि कति त कस्ता कुराहरू पनि छन्– जो न बोलिन्छ, नत लेखिन्छ नै–केवल अनुभव हुन्छ अनि अभिव्यक्त हुन्छ आँसुबाट वा हाँसोबाट ।(३५)

सकेसम्म कम बोलेर हुन्छ भने किन धेरै ? कमभन्दा कम लेखेर काम चले किन धेरै । हामी बढी लेखौटे र कुरौटे बन्दै गएका छौं– विकास र सभ्यता अनि शिक्षितको परि-चायक यही रे । हाम्रा प्राचीन ऋषिहरू कम बोल्दथे–सूत्र-रूपमा (ब्रह्म-सूत्र, भक्तिसूत्र आदि) कम लेख्दथे–सूत्र लिपिनै थियो ।

कर्णाली अंचलको सेञ्जाबाट नेपाली भाषाको विक-सित रूप देखापर्न थाले तापनि अर्थात् सेञ्जाधिराजहरू (आदित्य मल्ल, पुण्यमल्ल, पृथ्वीमल्ल, अभय मल्ल आदि)-को छत्रछायामा यसले मौलाउने, फक्रने पवित्र मौका पाएको हो तापनि यसलाई मलजल गरी हुर्काउने, यसको सेवा सुश्रुषा गरी जनताको बीचमा प्रचार गर्ने काममा काठमा-

---

**३३. आदिकवि भानुभक्त आचार्य,**
**'तेस् घाँसिले कसरि आज दियेछ अर्तो**
**धिक्कार हो मकन बस्नु न राखि कीर्ति ।'**

**३४. बडामहाराजा पृथ्वीनारायण शाह, 'दिव्योपदेश'**

**३५. महाकवि देवकोटा, भिखारी (कविता संग्रह)**
**'संझन्छु बोलीबीच छाती अटाउँदैन ।**

-डौंको मल्ल राजाहरू (लक्ष्मीनृसिंह मल्ल—मखन शिलालेख ; सं० १६९८) प्रतापमल्ल-रानीपोखरी शिलालेख-सं० (१७२७) ले अद्वितीय योगदान दिएका छन् । त्यतिमात्र होइन भक्तपुरका राजा भूपतीन्द्र मल्लको सं० १७७१ को ताम्रपत्र, अनन्तलिंगेश्वरको शिलालेख (सं० १७६९) आदि-बाट नेपाली भाषाको व्यापकता, लोकप्रियता र तत्कालीन मल्ल राजाहरूले नेपालीभाषा प्रति देखाएको कदर र अनु-राग छर्लङ्ग हुन्छ ।

सत्रौं शदीको आरम्भदेखिनै नेपाली भाषा उप-त्यकामा राम्रो प्रचलनमा आइसकेको थाहा हुन्छ । यसरी पश्चिमबाट फैलँदै फैलँदै नेपालीले आफ्नो भावभूमिलाई व्यापक बनाउन सफल बन्यो । जसरी नेपाली भाषा विक-सित बन्दै गयो उसरी नै नेपाली साहित्यपनि जन मानसमा भिज्दै जान थाल्यो । वास्तवमा भाषानै साहित्य हो साहि-त्यनै भाषा हो ।

भाषामा चाहे जुनसुकै किसिमबाट व्यक्तिएको भए तापनि भावनालाई साहित्य संज्ञा दिनु युगको आकांक्षा अनु-रूप हुने भएकोले भाषा नै साहित्य हो भन्नु तर्करहित सिद्धान्त होइन । आज साहित्य ज्यादा व्यापक बनिसकेको छ । वास्तवमा आर्थिक साहित्य, राजनैतिक साहित्य, भौगोलिक साहित्य, ऐतिहासिक साहित्य, सैनिक साहित्य, कृषि साहित्य आदि सबै नै साहित्य हुन् । 'सहितस्य भावः साहित्यम्' —यो परिभाषा यसैगरी सबैतिर लागू हुन्छ । दर्शन पनि साहित्य हो अनि विज्ञान पनि त साहित्य नै हो नि । त्यसैले कसैले दानपत्र दिन्छ उदार हृदयले र कागत-मा लेखिदिन्छ आफ्ना भावनालाई भने के त्यसले साहित्य हुन नपाउने कुनै अपराध गरेको छ र ? अतः त्यसलाई साहित्य मान्नुमा आपत्ति देखिंदैन ।

उदारतालाई काखी च्यापी व्यापकतामा विचरण गर्ने हो भने हाम्रा तामपत्र, शिलापत्र, कनकपत्र, रजतपत्र, कागज-पत्र सबका सब अर्थात् सबै प्रकारका लिखतलाई सजिलैसंग साहित्यको विशालताभित्र समावेश गर्नु अयुक्तिसंगत ठहर्दैन । एउटा यन्त्र यसरी संचालन गर्ने भनी लेखिएको निर्देशन पनि साहित्य नै हो । अंग्रेजी शब्द '*Literature*' जसरी आज व्यापक अर्थमा प्रयुक्त छ त्यसरी नै नेपालीमा साहित्य शब्दको प्रयोगलाई लिंदा हामी आफ्नो साहित्यिक निधि-लाई बढी व्यापक र विशाल फाँटमा फैलिएको, काङ्गिएको—हराभरा र उर्वरा भएको पाउँछौं । धनी हुन खोज्नेले हीरै हीरा मात्र जम्मा गर्ने कल्पना गर्नु मूर्खता हो—नोट, मोहर, सुका, घर, जग्गा, ढुंगा, माटो, काठ, पराल समेतलाई धनभित्र समावेश गर्न सक्नुपर्छ । त्यस्तै हामीले कविता मात्र साहित्य, उपन्यास मात्र साहित्य भन्न थाल्यौं भने हाम्रो साहित्य कहिल्यै व्यापक र विशाल बन्न सक्दैन । हैन कल्पना नै, भावना नै, पाण्डित्य नै, रस नै, छन्द नै, अलं-कार नै, लय नै, ध्वनि नै, वक्रोक्ति आदि आदि नै साहित्य मान्ने हो भने आजसम्म हामीले साहित्य मानि-रहेका कतिपय कृतिलाई साहित्यबाट निष्काशन गर्नुपर्ने अवस्था आउँछ । अर्को कुरो— स्वाभाविक, नैसर्गिक, प्राकृ-तिक उद्‌बोधन चाहे जस्तोसुकै शैली र भाषामा व्यक्त भएको होस् त्यो साहित्य बन्दछ । बरु कृत्रिमताभित्र शायद साहित्य आउन नसक्ला । अरु स्पष्ट शब्दमा भन्ने हो भने स्वाभाविकता मात्र साहित्य हो भन्नुमा बढी न्याय हुन जान्छ । यही परिप्रेक्ष्यमा नेपाली वाङ्मयलाई नै साहित्यको उपाधि शायद उपाधिकै लागि नमानेर वास्तविक मान्नु बुद्धिमानी हो ।

## राज दृष्टि

विश्वका प्रायः सबै नै भाषाको भण्डार भरिएको छ, साहित्यको विकास भएको, शिक्षाको समुन्नति देखिएको छ अथवा बौद्धिक प्रतिभाहरूको अभिवृद्धि सम्पन्न छ— तत्का-लीन शासक, अनुशासक र प्रशासकहरूको आशीर्वादमा, योग-दानमा, शुभदृष्टिमा, संरक्षण, सम्बर्द्धन र प्रोत्साहनमा । नेपाली भाषा-साहित्यले आजसम्म जे-जति प्रगति गरेको छ त्यो एकांशमा होस् वा सर्वांशमा राष्ट्रकै वरदान मान्नु दुराग्रह होइन । किनभने व्यक्तिभन्दा राष्ट्र कताकता ठूलो हो । बरु जति हुनुपर्ने थियो त्यति भएन भने त्यो चाहिं व्यक्ति-विशेषको दुराग्रह, मूढाग्रह र कुदृष्टिको परिणाम हो ।

सबैका अनुभवमा, व्यवहारमा र इतिहासमै स्पष्ट देखिएको यही तथ्य अनुरूप नेपाली भाषा-साहित्यको संर-क्षण र सम्बर्द्धनमा अनि अन्तरराष्ट्रिय ख्याति साथै राष्ट्रिय मर्यादा बढाउने काममा तत्कालीन राजाहरूको र राज्य प्रशासनको विशेष सुदृष्टि रहेको कुरो प्रष्टै छ । अरु नेपाली भाषा-साहित्यको विशेष विकास हुन्छ शाह राजा-

हरूको विशेष सुरुचिपूर्ण सहयोग र सद्भावनामा ।

साहित्य निर्माताहरू यद्यपि द्रष्टा हुन्, श्रष्टा हुन्–
'कविर्मनीषि परिभू स्वयंभू'

सृष्टिको लागि श्रष्टा भए पुग्छ, त्यसको लागि अरू कुनै कुराको अपेक्षा छैन तापनि प्रकाश गराई व्यापकरूपमा प्रचार र प्रसार गराउने, अथवा सिर्जना र प्रतिभाको कदर गरी पुरष्कार आदिद्वारा प्रोत्साहन दिने आदि काम चाहिं प्रत्यक्ष रूपमा होस् वा परोक्षरूपमा होस् राजाकै हो अथवा राज्य प्रशासनको हो । यसैले राजदरबारमा नै कतिपय लेखक, कवि, विद्वान्, पंडित, दार्शनिक, वैज्ञानिकहरू पालिने वा राजाबाट हेरविचार गरिने कुरा इतिहासले बताउँछ ।

राष्ट्रको सर्वतोमुखी विकासको लागि भौतिकले मात्र नपुगी आध्यात्मिक, बौद्धिक जागरण अपेक्षित छ । अतः विद्वान्हरू, लेखकहरू राष्ट्रकै गहना हुन्, गौरव हुन् । बाटो, पुल, भवन, अस्पताल, खेतीपाती, सैनिक-संगठन आदिको विकासबाट मात्र राष्ट्र विकसित मानिंदैन; बौद्धिक प्रतिभाहरू, साहित्यिक श्रष्टाहरू, दार्शनिक चिन्तक र विचारकहरू एकातिर र साहित्यको भण्डार, वैज्ञानिक चमत्कार, अनुसन्धानात्मक कृतिहरू, मौलिक सिर्जनाहरू अर्कोतिर प्रशस्त प्रकाशित भएका र व्यापक प्रचारमा आएका छन् भने त्यस देशको सबलता, विकसितता, स्वतन्त्रता, सार्वभौमसत्ता सम्पन्नता देखिन्छ । अन्यथा राजनैतिक दृष्टिले स्वतन्त्र भए पनि बौद्धिक वा साहित्यिक, दार्शनिक वा धार्मिक, भाषिक वा आर्थिक दास बन्नु पर्‍यो वा अर्काको अनुसरण-अनुकरण गर्नु पर्‍यो नभए अर्काको मुख ताकेर बाँच्नु पर्‍यो भने राष्ट्रको विकास भएको, सम्मान भएको मान्न सकिएला ?

लिच्छवीकालका मानदेव र अंशुवर्मा जस्ता राजाहरू, मल्लकालीन प्रतापमल्ल जस्ता कवीन्द्र राजाहरू, पश्चिमका वर्मा र मल्लहरूमा पृथ्वीमल्ल जस्ता राजाहरूले नेपाली भाषा-साहित्यलाई विकासमा लम्काउने यशका पात्र भए, साथै आधुनिक युगमा ल्याउनको लागि शाह राजाहरूको असाधारण भूमिका रहेको कुरा पनि निर्विवाद सिद्ध छ ।

## युग विभाजन

शाह राजाहरूमा बडामहाराजा पृथ्वीनारायण शाहभन्दा अगाडिकाले भाषा-साहित्यको विकासमा सोझै सहयोग गरेको नदेखिए तापनि नेपाली भाषालाई राष्ट्रभाषा मानी यसैको प्रचार प्रसार मनग्गे गरेकै थिए । त्यसैको परिणाम पछि यसले मौलाउने मौका पायो ।

शाहकालीन नेपाली साहित्यलाई मोटा-मोटी तीन युगमा विभाजन गर्न सकिन्छ–

१. पृथ्वी युग
शाह राजाहरूको उदयदेखि गीर्वाणको आरम्भसम्म

२. गीर्वाण युग
गीर्वाणको आरम्भदेखि पृथ्वी वीर विक्रमसम्म

३. त्रिभुवन युग
त्रिभुवनदेखि आजसम्म

## पृथ्वी युग

१. अध्ययनको लागि सजिलो होस् भन्ने हेतुले एवं शाह राजाहरूको योगदानको आधारमा नेपाली साहित्यको विकास रेखा कोरी विभाजन गरिएको पृथ्वी युगभित्र धेरै समय, धेरै राजाहरू परेता पनि कम साहित्यकारहरू पर्छन् । तर पनि नेपाली साहित्यको विकासतिर लम्केको युग यही नै हो । द्रव्यशाह, रामशाह, नरभूपाल शाह जस्ता इतिहास प्रसिद्ध, समाजसुधारक महान् राजाहरूको कार्यकालले नेपालको इतिहासको उज्ज्वल भविष्यको संकेत मात्रै गरेन जाज्वल्यमान वर्तमानको पनि सफल परिचय छोडेर गएको छ ।

नेपाली वाङमयले पखेटा हालेर नेपालका डाँडाकाँडा, पाखापखेरा, हिमाल मैदान, देशविदेशसम्म फैलन थालेको चाहिं यही युगमा हो भनेर किटेरै भन्न सकिन्छ । त्यसबेलाको साहित्य सिर्जना आजको भन्दा महान् उपलब्धि हो । स्वाभाविक उद्‌बोधन राम्ररी प्रष्टिएको छ । 'कस्तो लेखियो भन्नुभन्दा पनि कति लेखियो ? के के लेखियो ?' लाई

हेर्नु पर्छ । 'यस्तो'– को परिभाषा आजै त बनिसकेको छैन भने (सर्वमान्य मान्यता बनिसकेको छैन भने) 'के' र 'कति' नै त्यतिबेला मनग्गे थियो । यसकारण भाषाको मर्यादा हुनु, व्यवहारमा प्रयोग हुनु, भण्डार भरिनु, वाङमयमा चयन हुनु सर्वोच्च प्राप्ति मात्र हिच्किचाउनु पर्दैन । 'के के' र 'कति' लेखिए–मा नै त्यस वाङमयको विकास रेखा कोर्न सकिन्छ । आजभोलिको यत्रो प्रकाशनको, बौद्धिक जागरण-को युगमा त मूल्यांकनको आधार संख्यानै छ भने हिजोको कुरा गर्दा के भन्ने ? गुणात्मक वृद्धि त एउटा आदर्श हो, भनाइ हो–हामीलाई त पहिले प्रशस्त मात्रामा संख्यात्मक वृद्धि चाहिएको छ । संख्या नै नभए कहाँ गुण खोज्न जाने ? संख्या भित्र कति गुण छन् भनी खोज्नु दोस्रो कुरो । हामीलाई त एउटै मात्र चन्द्रमा भएर पुग्दैन धेरै धेरै असंख्य ताराहरू चाहिन्छ, एउटै सगरमाथा भएर पुग्दैन थुप्रै चुचुराहरूको हिमालय चाहिन्छ, कोशी, गण्डकी र कर्णाली मात्र भएर हुँदैन वागमती, विष्णुमती अनि टुकुचा पनि चाहिन्छ । जंगलमा अरू भारेभुरे जनावरै नभए सिंह-को के महिमा ? अरू कविहरूनै नभएको भए लेखनाथ कसरी कविशिरोमणि ?

हामी नेपालीहरूको लागि, हाम्रो देश नेपालको लागि वाङमयको यथेच्छ विकास हुनु परेको छ । त्यसकारण हामीले यो साहित्य हो, यो होइन भनी लिखा-टिपाइ गर्न पट्टि लाग्यौं र अर्काको अन्धानुकरण र अर्कोकै परिभाषा-लाई स्वीकार गरी आफ्नोलाई जाँच्न लाग्यौं भने एउटै पनि गतिलो साहित्यकार अनि एउटै पनि गतिलो सर्वाग-पूर्ण साहित्य पाउन गाहारो पर्ला ? यसर्थ लेखियो कि साहित्य हो, त्यतिमात्र होइन लोकगीत, उखान, आह्वान जस्ता कुरा त बोलिए मात्रै पनि गाइए भने पनि साहित्य । अनि कतिसम्म भने चिठी, भर्पाई, रसिद, तमसुक पनि साहित्य हो । बालन, असारे, सोरठी, भजन आदि सब साहित्य । अन्तरवार्ता एउटा साहित्य हो भने गफ (कुरा-कानी) पनि अलिखित साहित्य हो ।

साहित्यलाई व्यापक, विशाल र उदार बनाए पछि नेपालीले आफ्नोमा, आफूमा हीनताबोधले वा लघुताभास-ले (*Inferiority Complex*) पीडित हुनु पर्दैन । त्यसैले हामी गर्वसंग भन्न सक्छौं– हाम्रो कुनै साहित्यिक कालमा पनि अकाल र अनिकाल परेन । बरु खोजी गर्नु चाहिं असाध्य परेको छ । प्रतीक्षा र प्रयत्न गरौं युग कति अनुकूल हुँदै जाने छ ।

पृथ्वीनारायण अत्यन्त महत्त्वाकांक्षी, दूरदर्शी, स्वाभि-मानी र राष्ट्रभक्त राजा भएकाले उनले राजदरबारमा पण्डित, विद्वान्, लेखक, कविहरूलाई पालेका थिए किंवा तिनको उचित कदर गरेका थिए । आफैं साहित्यकार भए-काले पनि पृथ्वीको युग नै साहित्यिक युग थियो । वीर-जाति नेपालीले आफ्नो वीरता, पुरुषार्थ, रणकौशल देखाएर रमाइलो, फूर्तिलो र जोशिलो पृष्ठभूमि र वातावरण तयार गरेर नेपालीको राष्ट्रप्रेम जगाइरहेको बेला नेपाली साहि-त्यकार-लेखकहरूले आफ्नो भावना गद्यमा पोखे, कवितामा व्यक्त गरे ।

## यस युगका उल्लेखनीय उपलब्धिहरू

मल्ल राजाहरूका विभिन्न अभिलेखहरूदेखि बाहेक (क) 'राम शाहको जीवनी'– लेखक अज्ञात

समय–सं० १६८०–१६९० भित्र
(सम्भवत रामशाहकै जीवन काल)

यस युगकै महान् उपलब्धिस्वरूप 'राम शाहको जीवनी' सामान्य जीवनी मात्र नभएर बौद्धिक प्रतिभा एवं भाषात्मक अधिकार, शैलीगत उत्कर्षताको नमूना भएको छ । लेखक अज्ञात भए तापनि यिनको देन असाधारण छ । नेपाली साहित्यको आरम्भ गद्यबाट भएको हो भन्ने कुराको बलियो पुष्टि यसैले दिएको छ । यद्यपि नेपाली गद्य साहित्यको आरम्भ हुन्छ–सं. १३७८ देखि–आदित्य मल्लको गोरखा अभिलेखदेखि–तापनि रामशाहको जीवनीले नेपाली गद्यको विकसित रूपलाई छर्लङ्ग पारेको छ । (३६) नमूनाको लागि केही अंश प्रस्तुत गर्नु उपयुक्त देखिन्छ–

..."श्रीविक्रमादित्य संवत् ।। १६६३ श्रीसालिवाहन शाके १५२८ मा श्री ५ महाराज छत्रसाह स्वर्गारोहण हुनु-

३६. बासु रिमाल 'यात्री,' 'नेपाली साहित्य', विश्व साहित्य-को रूपरेखा, ने. रा. प्र. प्र. प्र., स. २०३०, पृ. ३६२

भया पछि ।। गोर्षाका भरभारदार सकल पञ्चलाइबडो षलबल पर्‍यो र ।। श्री ५ महारानीका गर्भ लक्षण भयाको थियो त उस्तै वीचमा सल्ल्यान् पाउलाग्नु भयाको हो । वांहां श्री ५ साहेवज्यू पैदा हुनुभयाको छ भन्दा सुनिन्छ ।। चलाउन जाउ भनि जानतयार भयाकाथिया तसैवेलामा सल्ल्यानीहरूले पनि ।। गोर्षामा श्री ५ महाराज छत्रसाह स्वर्गारोहण हुनुभयाको समाचार सुन्याछन् र ।। गोर्षालीहरू न आउदै हांमि आफै श्रीसाहेवज्यू रामसाहलाई चलाउं भनि शुभ साइतमा चलाया ।। वांहां देषी गोर्षाका भर-भारादार सकलपंचले थाहापाया र परसम्म पुगी वडा हर्षले सामेल भै दर्शन गरि गोर्षामा चलाया र ।। वडा वडा जान्या ज्योतिषिहरू वोलाई ।। गुरु प्रोहितहरू वसिठ-हरायाका शुभसायतमा ।। अनेक गीत वाद्य मंगल शकुना-दिले दीप कलश गणेश पूजा विधानादि भयापछि ।। श्री ५ महाराज रामशाह सिंहासनमा राज गर्नुभयो ।..."(३७)

(ख) 'ज्वरोत्पत्ति चिकित्सा'–वाणीविलास ज्योतिर्विद (अनु०) सं० १७७३

नेपाली भाषाको उल्लेखनीय साहित्यिक कृति । दावा-दल साहले यसैको अनुवाद गरेर शीर्षक राखे 'औषध रसायन' ।

(ग) बालकृष्ण पोखरेल नेपाली भाषामा पाइएको सब-भन्दा पहिले साहित्यिक कृति 'बाज-परीक्षा' हो भन्दछन् । यसको समय सं० १७०० तिर मानिएको छ ।(३८) त्यस्तै पाइएका लेखकहरूमा सर्वप्रथम लम्जुङ्गे राजा दावादल शाह र वाणीविलास हुन् । यिनले सं० १७७३ तिर लेखेका हुन् भन्ने उनको तर्क छ । 'वृषवास्तु' वा 'बाज परीक्षा' समय–करीव सं० १५०० तिर । यो दुवै पो सर्व-प्राचीन ग्रन्थ हुन् कि भन्ने अभिमत पनि नपाइएको हैन ।(३९)

(घ) अजीर्ण मंजरी–गङ्गा विष्ण द्विज
—लीलाम्बर
समय–सं१८०९–२० तिर

(ङ) प्रेमनिधि पन्तको सं० १७८० मा लेखिएको संस्कृत ग्रन्थ 'प्रायश्चित्त प्रदीप' को अत्यन्त सुन्दर र शिष्ट शैलीमा लेखिएको नेपाली अनुवादले गद्यको गाम्भीर्य देखाइ-सकेको छ ।

अनुवाद परम्परा यस युगमा निकै थियो । जेहोस् नेपालीप्रति ममता नभएको पनि होइन । 'नृपश्लोकी' भन्ने संस्कृत ग्रन्थ (प्रेमनिधि पन्तकै) नेपालीमा अनूदित छ ।

अभिलेखहरू भन्दा बाहेक चिट्ठीपत्रहरू, ओखतीमुलो-का पुस्तकहरू, जीवनीहरू (रामशाह र पृथ्वीनारायणको) युगका प्रमुख उपलब्धि हुन् ।

(च) युगलाई नै उजिल्याउने सर्वोच्च प्राप्ति हो– पृथ्वी-नारायण शाहको 'द्विव्योपदेश' वा 'भाषण' । यसको रचना-काल सं. १८३१ हुनुपर्छ र रचनाकार पृथ्वीनारायण ।

नवनेपालको नव निर्माणमा पृथ्वीको अनुलनीय भूमिका छ । यिनको राजनैतिक व्यक्तित्व मात्र नभएर यिनी धार्मिक, सांस्कृतिक, सामाजिक, आर्थिक, साहित्यिक हर क्षेत्रमा असाधारण व्यक्तित्व लिएर आएका महामानव थिए । 'दिव्योपदेश' उत्कृष्ट साहित्यको नमूना हो ।(४०)

भानुदत्तको 'हितोपदेश्-मित्रलाभ' (सं० १८३३), शक्तिबल्लभ अर्ज्यालको 'हास्यकदम्ब' (नाटक) को नेपाली अनुवाद आदि पनि यही युगका प्रसिद्ध गद्य रचना हुन् ।

एकातिर गद्यको स्वाभाविक प्रवाह बग्दै गयो भने अर्का-तिर पद्यमा कविहरू आफ्ना वीरगान गाउँदै थिए । आज-सम्मको उल्लेखनीय पद्यहरूमा सर्वप्रथम कविता मानिएको सुवानन्ददासको 'पृथ्वी वर्णन' हो । हुन त यस अघिका अज्ञात कविका 'जस्ले सातु गर्‍यो'..., र 'भातु खाय सुभान शाही'...(४१) जस्ता कविताहरू नभएका होइनन् । 'धन्य गोर्खाली राजा'... भनेर गोर्खाली राजा खास गरी पृथ्वी-

३७. **गोरक्षेश वंशावली, (रामशाहको जीवनी), अमुद्रित [राष्ट्रिय अभिलेखालय-ते. १७३]**

३८. **उत्तम कुँवर, स्रष्टा र साहित्य, पृ, २७६**

३९. **जगदीशचन्द्र रेग्मी, 'नेपाली भाषाका सर्वप्रथम ग्रन्थ' 'गोरखापत्र'–२०३४ भाद्र २४ गते, शनिवार**

४०. **तानासर्मा, नेपाली साहित्यको इतिहास, सहयोगी प्रकाशन, काठमाडौं, प्र. सं. २०२७, पृ. १६**

४१. **बाबुराम आचार्य, पुराना कवि र कविता, ने.भा.प्र.स, प्र. सं. २००३, पृ. ७–९**

नारायणप्रति आफ्नो अगाध श्रद्धा र भक्ति जगाउने गुमानी पन्त जस्ता कविले पनि नेपालीको ठूलो सेवा गरे। पृथ्वीका दरबारी पण्डित शक्तिबल्लभ अर्ज्याल आदिले पनि तत्कालीन युगको प्रतिनिधित्व गरे।

पृथ्वी युगलाई हामी नेपाली साहित्यको वीरगाथा युग र भक्तियुग समावेश भएको मान्न सक्दछौं। यसैबेला राष्ट्रियताको उच्च आदर्श एवं सगुण भक्तिको गायन चारैतिर बढिरहेको थियो। नेपालीलाई मुटुदेखिनै कित वीरको वीरगान गाउन मनलाग्यो कित भगवान्को गुणानुवाद। भानुभक्तभन्दा पूर्वका गद्य एवं पद्यका निर्माता वा श्रष्टाहरूको भावना यी नै कुराहरूमा केन्द्रित थियो। वीरपूजासंग यो लोकको सुख सन्तोष गाँसिएको छ भने भगवत् पूजासंग परलोकको शान्ति र आनन्दको रसिलो आस्वाद छ।

## गीर्वाण युग

वीरपूजा र भक्तिको धारा यस युगमा पनि बगिनै रह्यो। ऐतिहासिक दृष्टिले यस युगमा महान् घटनाहरू घटे। रामायण, भागवत, भारत आदि धार्मिक ग्रन्थको आधारमा थुप्रै कविताहरू लेखिए। इन्दिरस (र० १८८४), विद्यारण्य केशरी (१८६३–१९१२), वसन्त शर्मा (१८६०–१९४७), यदुनाथ (र० १८९५), रघुनाथ (१८६८–१९१८) सुन्दरानन्द बाँडा (र० १८८०), विद्यापति (र० १८८८) वीरशाली पन्त (ज० १८६० तिर), पतञ्जली गजुर्‍याल (१८८०–१९४४) उदयानन्द अर्ज्याल (र० १८९०) आदि कविहरू सौरमण्डलका ताराहरू थिए भने आदिकवि भानुभक्त आचार्य चाहिं (१८७१–१९२५) साक्षत् सूर्य नै थिए। अतः यस युगको सर्वोच्च उपलब्धि भानुभक्तको रामायणलाई मान्नु पर्छ।

सं. १८७१–७२ को युद्ध र सुगौली सन्धीले नेपालको इतिहासलाई अर्कै कोल्टो फेरिदियो। यद्यपि हामीले केही हार्‍यौं तर धेरैधेरै जित्यौं पनि। हाम्रो राष्ट्रिय भावनामा एक प्रकारको उज्ज्वल नयाँ लहर आयो। अब वीरताको र विजयको कल्पना मात्र नगरी नेपालीहरू यथार्थतामा पनि आउन थाले। श्री ५ गीर्वाण आफैं पनि लेखक थिए अनि अरूले लेख्ने प्रेरणा नपाउने त कुरै थिएन। त्यस्तै यस युगमा पर्ने श्री ५ रणबहादुर शाहले पनि नेपालको राजनैतिक उथलपुथलमा महत्त्वपूर्ण भूमिका खेलेका छन्। बहादुर शाह कवि, विद्वान्हरूको खूब कदर गर्दथे। वाणीविलास पाँडे र लक्ष्मीपति (४३) जस्ता विद्वान्हरूलाई नेपालीमा उच्चकोटिका ग्रन्थ लेखाउन लगाए। (४२) नेपालीहरूले अब वीर बहादुर मात्र भएर बाँच्न र आफ्नो अस्तित्वलाई अक्षुण्य राख्न सक्तैनन् किन्तु बुद्धिबहादुर र ज्ञानबहादुर हुनु परिसक्यो भन्ने कुरामा बुद्धिजीवीहरू विश्वस्त बने। अबको नेपाली साहित्य नेपाललाई हरप्रकारबाट सुदृढीकरण गर्न, राष्ट्रप्रेम, राष्ट्रियता र राष्ट्रिय एकता, स्वाभिमान आदिको अभिवृद्धि गरी राष्ट्रिय अभ्युत्थानमा बढी सक्रिय र समक्ष बन्न थाल्या।

यदुनाथ पोखरेलले नेपाली जनजीवनको, वीरताको, नयाँ निर्माण र सैनिक व्यवस्थाको घनघोर प्रशंसा गरे।

'दरबार श्री अमरावती सुरपति नेपालका भूपति' भनी नेपाललाई 'अमरावती' र राजालाई 'सुरपति' को संज्ञा दिएर आफ्नो देश र नरेशप्रति असाधारण प्रेम दर्शाउने यी नेपाली साहित्यको इतिहासमै सर्वप्रथम कवि हुन्। वीरपूजाले पनि जातीयता र राष्ट्रियताको सम्बर्द्धन गर्छ भन्ने कुरामा विवाद छैन। राष्ट्रपूजाका विविध प्रविधिमा वीरस्तव गान पनि एक हो। जहाँ वीर छन् त्यहाँ न वीरको पूजा हुन्छ। वीरनै नभए केको पूजा ? पूजा नै नभए के को वीर ? यो त भूषण हो।

एकातिर यसरी राष्ट्रियताको शंखघोष भइरहेको बेला अर्कातिर भीमसेनथापाको आत्महत्या (१८९६), माथवर सिंह थापाको हत्या (१९०२), गगन सिंहको अमानुषिक हत्या (१९०३), जंग बहादुरले मच्चाएको वीभत्स हत्याकाण्डको लहर–भंडारखाल पर्व, कोतपर्व–जस्ता दानवीय र घीनलाग्दा जघन्य रक्तपातहरूले सामाजिक र राजनैतिक विषयबाट उदासीन बनेर परमार्थ चिन्तन र परमात्माको

४२. **ईश्वरराज अर्याल, नयाँ नेपालको इतिहास, आठौं सं. २०२१, पृ. ११३–११४**

भक्तितिर कति बुद्धिजीवीहरू लागे । परिणामतः धार्मिक, दार्शनिक, आध्यात्मिक साहित्य सिर्जना भयो ।

पद्यमा भाव पोख्न सजिलो भएकोले होला पद्यको खूब प्रगति भए पनि गद्य विद्या त्यति उपेक्षित थिएन । जंगबहादुरको बेलायत यात्रा (१९१०) जस्ता महान् कृतिहरू यस युगका उल्लेखनीय उपलब्धि हुन् । मुन्सीका तीन आहानहरूले आफ्नै मर्यादा राखेका छन् भने बत्तीस सालको रोजनाम्चाको (सं. १८७६) महिमा पनि कम छैन । हीनव्याकरणी विद्यापतिले सं. १८८८ मा गरेको गीत गोविन्दको अनुवादको भाषा निकै परिमार्जित छ । यही अनुक्रमम ललित त्रिपुरसुन्दरीले र ? (मृत्यु १८८८) राजधर्मको अनुवाद गरेर पनि नेपाली गद्यले शिरलाई धेरै माथि उचालेकी छन् । भवानी दत्त पाँडे (१८५८) ले हितोपदेश, आत्मबोध, महाभारत आदि थुप्रै गद्यले नेपाली-लाई सिंगारे । योगी अम्वरगीरले वेदान्त सम्बन्धी थुप्रै पुस्तकहरू १८९० भन्दा अगाडिनै लेखिसकेका थिए । त्रिरत्न सौन्दर्य गाथाका निर्माता सुन्दरानन्द बाँडाले आफ्नो मातृभाषा नभए तापनि नेपाली भाषामा यत्रो विशाल ग्रन्थ निर्माण गरी नेपालीलाई अविस्मरणीय गुन लगाएका छन् ।

यसरी पृथ्वी युग नेपाली साहित्यको निर्माणकाल थियो भने गीर्वाण युग विकास काल बन्यो । अब नेपाली-भाषा नेपालीको मात्र नभएर विदेशीको (खास गरी अंग्रे-जको) समेत रुचिको, अध्ययनको र अनुसन्धानको विषय बन्न पुग्यो । जे. ए. एटनले सं. १८७७ मा नेपाली भाषा-को पहिलो व्याकरण लेखे । नेपाली व्यापक र विस्तृत बन्दै गयो ।

## त्रिभुवन युग

युग बदलिँदै जान्छ, समय बित्दै । हिजोका दिनहरू आजमा र आज भोलिमा परिणत हुन्छन् । हिजोका प्रवृति-हरू, स्वरूपहरू मान्यता र धारणाहरू आज पुराना हुन्छन् । अब वीर युग, भक्ति युग गयो, श्रृंगार युग आयो । प्राचीनता र माध्यमिकता हरायो, आधुनिकताले छायो, त्यसैले त्रिभुवन युगको अर्को नाम आधुनिक युग हुन सक्छ ।

युवक कवि मोतीराम भट्ट (१९२३–१९५३) देखि यस युगको श्री गणेश हुन्छ । यस युगका नेतानै यिनलाई मान्नु पर्छ । यिनकै नेतृत्वमा नेपाली साहित्यमा आधुनिकता फष्टायो, फक्रियो र नेपालीले–आज अन्तरराष्ट्रिय ख्याति प्राप्त गर्दैछ । मोतीराम जस्ता महान् भाषाभक्त, नवयुवक कवि, नाटककार, सामाजिक कार्यकर्ता, पठित एवं प्रसिद्ध गद्यकार पाएर नेपाली साहित्यनै धनी बनेको छ । भानु-भक्तको जीवन चरित्र (१९४८) जस्तो अत्यन्त सफल नेपाली गद्यको निर्माण गरेर आधुनिक गद्यका पिता बनेका छन् मोतीराम । १९४१ मा भानुभक्तको बालकाण्ड वनारसबाट छपाएर "श्री ५ मन्महाराजाधिराज पृथ्वीवीर विक्रम शाह-देव" यसरी सम्बोधन गरी 'भूमिका' को नाममा आफ्नो शिष्टता मात्र देखाएनन् अपितु त्यस समयका शक्तिसम्पन्न प्राइममिनिष्टर रणोद्दीप सिंहलाई समर्पण नगरी यो पहिलो किताप दश वर्षका राजा पृथ्वी वीर विक्रमलाई समर्पण गरेको देख्ता मोतीरामहरूको नैतिक बलको तारीफ गर्नु पर्छ (४३) बाल काण्ड प्रकाश मात्र गरेनन्, बेलाइतको लाइब्रेरीमा समेत पठाएर यसको प्रचार प्रेमले गरे । (४४) भानुभक्तलाई चिनाउने मात्र होइनन् 'आदिकवि' को महान् उपाधि प्रदान गर्ने पनि यिनै हुन् । नेपाली भाषाको इति-हासमै सर्वप्रथम पत्रिका 'गोरखा भारत जीवन' का प्रकाशक, समीक्षक, पुस्तकालयका व्यवस्थापक मोतीको वरदान, योग-दानले गर्दा यस युगलाई नै मोती युग भने पनि अन्याय हुँदैन । बरु २००७ सालदेखि अगाडिलाई यस युगको पूर्वार्द्ध र पछिलाई उत्तरार्द्ध भन्नुपनि समीचीन नै ठहर्छ ।

गोरखापत्रको प्रकाशन (१९५८) यस युगको महान् उपलब्धि हो । अब अनुवादको, भक्तिवादको, बीरगानको परम्परा क्रमशः हट्दै गयो त्यसको ठाउँमा मौलिक सिर्ज-नाको, आधुनिकवादको, श्रृंगार, साहित्यको, भाषाप्रेमको चर्को आगो दन्कियो । मोती आफैं अत्यन्त श्रृंगारी भएकाले उनको मण्डली नै श्रृंगार प्रिय थियो ।

४३. कमल दीक्षित, 'मोतीरामको बालकाण्ड', कालो अक्षर, जगदम्बा प्रकाशन, ललितपुर, प. स. २०१७, पृ. २५–२६

४४. पं० नरदेव शर्मा पाण्डय, कविवर मोतीराम भट्टको जीवन चरित्र, प्र. सं. १९९५, पृ. १६

सुन्दरी (१९६३), माधवी (१९६५), उपन्यास तरंगिणी (१९५९) गोरखा साथी (१९६९), गोर्खाली (१९७२), चन्द्र (१९७१), चन्द्रिका (१९७२) जस्ता पत्रपत्रिकाहरूको बाढीले नेपाली साहित्यका सम्पूर्ण विधाले फस्टाउने मौका पाए। पद्मनाभ सापकोटा, जय पृथ्वीबहादुर-सिंह जस्ता भाषा भक्तहरूले नेपाली भाषाको सक्दो विकास गरे। राम मणि, चक्रपाणि, सोमनाथ जस्ता विद्वान् लेखक-हरूले नेपालीलाई परिष्कृत, शुद्ध रूपमा परिणत गर्ने अथक प्रयत्न गरे।

यस युगले कोल्टे फेर्छ कवि शिरोमणि लेखनाथ पौ-ड्यालाई पाएर। त्यस्तै बालकृष्ण समले नेपाली नाटकीय क्षेत्रमा अद्वितीय योगदान दिए। अर्का अत्यन्त प्रतिभाशाली जन्मजात कवि निस्किए महाकवि लक्ष्मीप्रसाद देवकोटा।

सूर्यविक्रम, धरणीधर र पारसमणिले दार्जलिङ्गमा बसी नेपाली साहित्यको अभिवृद्धिमा यति गुन लगाए त्यो अवर्णनीय छ। भाषाको विकास, साहित्यको उन्नति, जाति-त्वको सम्मानको लागि यी तीनै जनाले आफ्नो जीवन समर्पण गरे।

भाषा–विज्ञानको क्षेत्रमा बालकृष्ण पोखरेल, महानन्द सापकोटा, चूडामणि उपाध्याय रेग्मी आदिको सेवा अतुल-नीय मान्नु-पर्छ। नेपाली व्याकरणको परम्परामा गोपाल पाँडे, हेमराज पाँडे, सोमनाथ सिग्देल, आदि अत्यन्त उल्ले-खनीय छन्। गद्य विधालाई सम्पन्न पार्ने काममा शारदा (१९९१) को योगदान अविस्मरणीय छ, त्यस्तै पद्यमा पनि। नेपाली निवन्धकार, अनुसन्धाता एवं समालोचकहरू-मा भेषराज, वदरीनाथ, ईश्वर बराल, बालचन्द्र शर्मा, बाल-कृष्ण पोखरेल, कमल दीक्षित, रामकृष्ण शर्मा, रूपनारायण सिंह, लैनसिंह बाङ्गदेल, कृष्णचन्द्र सिंह, डा० क्षितीशचन्द्र चक्रवर्ती, चूडानाथ भट्टराय, अम्बिकाप्रसाद अधिकारी, तारा-नाथ शर्मा, बासुरिमाल 'यात्री', वासुदेव त्रिपाठी, शिव-गोपाल रिसाल, रत्नध्वज जोशी, हृदय चन्द्रसिंह, सत्यमोहन जोशी, भैरव अर्याल, केशव पिंडाली, परशू प्रधान, पारिजात, विश्वेश्वर प्रसाद कोइराला आदि आदिको नाम उल्लेखनीय छ।

यस युगका प्रसिद्ध, संवेदनशील साहित्यिक विभूति हुन् म. वी. वी. शाह। यिनका गीतहरूले नेपाली मुटुलाई छोए, नेपालको गुणगान गाए, नेपालीलाई प्रेरणा र प्रोत्साहन दिए। श्री ५ महेन्द्र आफैं कवि र प्रचण्ड गद्यकार समेत भएकाले तत्कालीन कवि, लेखक, नाटककार आदि सबैको सक्दो कदर यिनले गरे। यिनको छत्रछायामा नेपाली साहित्यले अभूतपूर्व रूपमा विकास गऱ्यो।

यस युगका अविस्मरणीय उपलब्धिहरू–

(क) पत्र–पत्रिकाहरूको बाढी आउनु।
(ख) गोरखा भाषा प्रकाशिनी समिति–पछि नेपाली भाषा प्रकाशिनी समितिको संस्थापन।
(ग) नेपाली साहित्य सम्मेलन, दार्जिलिङ्ग।
(घ) त्रि-चन्द्र कलेजको संस्थापन (१९७५)
(ङ) नेपाली भाषाको भारतका विभिन्न विश्वविद्यालयमा स्थान।
(च) साहित्य सम्मेलन, कवि सम्मेलन भइरहनु।
(छ) रेडियो नेपालको संस्थापन।
आदि आदि।

श्री ५ महेन्द्रको नेपाली भाषा एवं साहित्य प्रति अगाध श्रद्धा र भक्ति भएकोले कवि, लेखकहरूको, विद्वान्-हरूको असाधारण रूपमा कदर गरिबक्सियो, प्रसंगमा प्रशस्त सहयोग गरिबक्सियो।

(क) 'उसैको लागि' 'फेरि उसैको लागि' जस्ता कविता-गीतहरूको प्रकाशन।
(ख) भाषणको रूपमा प्रकाशित अनगिन्ति गद्यलेखहरू।
(ग) त्रिभुवन विश्वविद्यालयको संस्थापन।
(घ) राजकीय प्रज्ञा प्रतिष्ठानको संस्थापन।
(ङ) मदन पुरस्कार पुस्तकालय र मदन पुरष्कार गुठीको संस्थापनको अत्यन्त ठूलो कदर प्रदान।

आदिबाट श्री ५ महेन्द्रको छत्रछायामा नेपाली भाषा-साहित्यले असाधारण प्रगति गऱ्यो, अन्तरराष्ट्रिय जगतमा महान् ख्याति प्राप्त गऱ्यो। समुद्र पारका विश्वविद्यालय-हरूमा समेत नेपाली भाषाको अध्ययन–अनुसन्धानको परम्परा बस्यो। अनगिन्ति पुस्तकहरू प्रकाशित भए। प्रवासमा समेत नेपाली-भाषाको विशेष सम्मान बढ्यो। आकाशवाणी दिल्ली, रेडियो पेकिङ, बी. बी. सी. आदिबाट नेपालीमा कार्यक्रम प्रस्तुत हुनु, नेपाली भाषामा सिनेमा बन्नु आदिबाट पनि नेपालीले प्रशस्त प्रेरणा पाएको मान्नु-

पर्छ । अन्तरराष्ट्रिय संघ संस्था र संयुक्त राष्ट्र संघमा नेपाली भाषामा सम्बोधन भाषण हुनुमा पनि नेपालीको ठूलो कदर घुसेको छ ।

## श्री ५ वीरेन्द्रका बाहुलीमा पूर्ण कलश

श्री ५ बडामहाराजा पृथ्वीनारायणले जग हालिबक्सेको मात्र होइन बलियो गारो लगाएर चारैतिरबाट परखालले नेपाललाई सुरक्षित राखिबक्स्यो भने श्री ५ त्रिभुवनले यस पवित्र मन्दिरलाई विशुद्ध बनाई आफ्नै पाराको छानो लगाइबक्स्यो अनि श्री ५ महेन्द्रले यसमा सुनको गजुर लगाइ बक्स्यो भने अब वर्तमान राष्ट्रनायक श्री ५ वीरेन्द्र बाहुलीमा पूर्ण कलश लिएर यस मन्दिरलाई पुनः प्राण प्रतिष्ठा गर्दै अभिशेक बक्सँदै छ । नयाँ निर्माण, नयाँ विकास, नयाँ जोश र राष्ट्रवादको पुनर्जागरणको शंखनाद गरिबक्सँदै छ ।

यही अनुक्रममा आफ्ना पिता पुरुखाको कीर्तिलाई अरू समुज्ज्वलित बनाउनको लागि रातदिन परिश्रम गरिबक्सँदै छ । अनि नेपाली भाषा–साहित्यले पनि नयाँ कोल्टो फेर्ने छ– अन्तरराष्ट्रिय प्रतिस्पर्धामा पुग्नेछ । कवि पिताका पुत्रमा कवित्व प्रतिभा अवश्य छ भन्ने कुराहरू मौसूफका सम्बोधन र सन्देशहरूबाट देखा पर्न थालिसकेका छन् । मौसूफको कलाकारिता बाहिर प्रकाशमा आइसकेको छ भने अब कवित्व प्रतिभा, साहित्यिक ज्योति पनि निस्कने नै छ ।

शिक्षा जगत्मा नयाँ हलचल आउनु, राजकीय प्रज्ञा-प्रतिष्ठानमा नयाँ व्यवस्था हुनुबाट पनि मौसूफको दूरदर्शिता स्पष्ट छ ।

आशा छ मौसूफको छत्रछायामा नेपाली साहित्यले आफ्नो मर्यादा अझ बढाउने छ । अझ पुस्पित, पल्लवित र फलित बनेर नेपाली साहित्य उद्यान सदासदा हराभरा र उर्वरा हुने छ । भाषासेवी, साहित्यकार, ज्ञानी, गुणी, विद्वान्, पण्डित, वैज्ञानिक, कलाकार, सबै सबैको प्रतिभा, मौलिक सिर्जना, राष्ट्रचिन्तन आदिको कदर गरिबक्सेकोछ, गरिबक्सने छ । नेपाल आमा सँधै हरिली, भरिली, हंसिली र रसिली हुने छन् ।

मौसूफको सुदीर्घ सुशासनको शुभकामना !

– शिवमस्तु –